सभ्य र हिंसारहित समाज निर्माण होस् : प्रधानमन्त्री ओली | पृष्ठ २ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com


छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २६ •अंक १८० • २०८१ साल मंसिर ११ गते मंगलबार (26 November, Tuesday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

## कर्जन्हाका पूर्वमेयर पासमानसहित ५ जनालाई कैद र जरिवानाको फैसला





**टुडे समाचारदता**

लहान । भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका सिरहाको कर्जन्हा नगरपालिकाका पूर्वमेयर गंगा पासमानसहित पाँच जनालाई कैद र जरिवानाको फैसला गरेको छ।

विशेष अदालतले पूर्वमेयर पासमान, प्रमुख प्रशासकीय अधिकृतसहित पाँच जनामाथि भ्रष्टाचार मुद्दामा दोषी ठहर गर्दै २ वर्ष ६ महिना कैद हुने गरी जरिवाना तोकेको छ।

जनही २१ लाख ६० हजार रूपैयाँ बिगो र त्यति नै जरिवाना गरी ४३ लाख २० हजार रुपैयाँका दरले रकम भराउने फैसला पनि विशेष अदालतले गरेको छ।

न्यायाधीशहरू खुसीप्रसाद थारू, रामबहादुर थापा र मुरारीबाबु श्रेष्ठको इजलासबाट कात्तिक २८ गते उनीहरूलाई दोषी ठहर गरेको थियो। भने सोही इजलासले सोमबार सजायसमेत निर्धारण गरेको छ।

कर्जन्हा नगरपालिकाको प्रशासनिक भवन निर्माणका लागि भएको ठेक्कामा अनिमियतता गरेको अभियोगसहित अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गत वर्षको चैत १४ गते भ्रष्टाचार मुद्दा दायर गरेको थियो । जसमा तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत जगदीश मण्डल, तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत बुद्धिमान दनुवार, लेखापाल प्रवीनकुमार महतो र निर्माण व्यवसायी महालक्ष्मी/पाण्डे एन्ड कम्पनी/ड्रागन जेभीका प्रतिनिधि वैजनाथ यादवलाई प्रतिवादी बनाएको थियो।

उनीहरूले सो भवन निर्माणका क्रममा मिलेमतो गरेर १ करोड ८ लाख रुपैयाँ अनिमियतता गरेको दाबी आयोगले गरेको थियो।

भ्रष्टाचारको मुद्दामा सुनुवाइपछि विशेष अदालतका सदस्यहरू थारू, थापा र श्रेष्ठको संयुक्त इजलासले कसुर कायमको फैसला गरेको थियो। उनीहरूले नै सजाय निर्धारणका लागि सोमबारको दिनको पेसी तोकेको थियो । अख्तियारले भने ०८० चैत १४ गतेमा मुद्दा दायर गरेको थियो।

नगरपालिकाले अदालतमा विचाराधीन रहेको प्रशासनिक भवन निर्माणको मुद्दा किनारा नलाग्दै वडा नम्बर ५ मा भवन निर्माणका लागि २०७८ माघमा ठेक्का आह्वान गरेको थियो।

### प्रदेश सरकारको विकल्प खोज्ने संकेत

## मधेश सरकार फेरिँदा नेपाली कांग्रेसकै मुख्यमन्त्री हुन्छः सभापति देउवा

**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले मधेश प्रदेश सरकारको विकल्प खोज्ने संकेत गरेका छन्।

जनकपुरधाममा सोमबार पूर्वप्रधानमन्त्रीसमेत रहेका सभापति देउवाले जनमत पार्टी नेतृत्वको मधेश प्रदेश सरकारको विकल्प खोज्ने संकेत दिएका छन्। तर कांग्रेस एक्लैले प्रदेश सरकारको विकल्प खोज्न चाहेर नहुने बताए।

पटकपटक सतीशकुमार सिंह नेतृत्वको प्रदेश सरकारको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै आएका सत्तारुढ दल नेपाली कांग्रेसले मधेश सरकारबारे पहिलोपटक सार्वजनिक रुपमा अभिव्यक्ति दिँदै प्रदेश सरकारको विकल्प खोज्न तयार रहेको संकेत दिए।

यसअघि कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले पनि जनमत पार्टी नेतृत्वको सरकारको अपरादर्शी कार्यशैली र स्वेच्छाचारी ढंगले प्रदेश सरकार चलाएको आरोप लगाउँदै नेतृत्व परिवर्तनको लागि केन्द्रीय नेतृत्वतहमा समेत छलफल भइरहेको बताएका थिए।

जनकपुरधाम विमानस्थलमा संचारकर्मीहरुसंगको संक्षिप्त कुराकानीमा सत्ता गठबन्धनमा कुनै खटपट नभएको बताउँदै सभापति देउवाले भने, 'संघीय सरकारमा कुनै खटपट छैन। यो गठबन्धन रहिरहन्छ,' मधेश प्रदेश सरकारको परिवर्तनको सवालमा सभापति देउवाले भने, 'मधेश प्रदेश सरकारको हकमा भने कांग्रेसको निर्णयले पुग्दैन। अरु दलहरुले पनि निर्णय गर्नुपर्ने हुन्छ।'

उनले सत्ता गठबन्धन दलबीच सहमति भएपछि मधेश प्रदेश सरकार फेरिने प्रस्ट्याए। सभापति देउवाले प्रदेशमा सरकार परिवर्तन हुँदा कांग्रेसकै नेतृत्वमा नयाँ सरकार बन्ने दाबी गरे।




त्यस्तै अर्कोतर्फ जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर २५ स्थित लोहनामा निर्माण भएका प्रजातान्त्रिक योद्धा स्व. अरविन्द ठाकुरको प्रतिमा अनावरण गर्दै सभापति देउवाले नेपालको प्रजातान्त्रिक आन्दोलनको क्रममा शहीद हुनेहरूले देखाएको बाटोमा सबै हिँड्न जरुरी रहेको बताए।

कांग्रेसका नेता एवं राष्ट्रिय सभाका पूर्व सदस्य स्व. ठाकुरको अर्धकदको प्रतिमा अनावरण गर्ने क्रममा लोकतान्त्रिक सरकारलाई अपदस्त गरेका राजा महेन्द्रमाथि कांग्रेसको सशस्त्र आन्दोलनको क्रममा बम प्रहार गर्नका लागि खटिएर पक्राउ परी १६ वर्षसम्म कठोर जेलजीवन बिताएका स्वर्गीय ठाकुर जस्ता नेताका कारण नै मुलुकमा संघीय लोकतान्त्रिक अभ्यासमा हामीहरू रहेको सभापति देउवाले स्मरण गरे।


उनले मुलुकमा विभिन्न परिवर्तनको लागि शहीद भएका र जेलनेल सहितको यातना पाएकाहरूको कारणले धेरै परिवर्तनहरू भएको भन्दै उनले जनतालाई अझ बढी अधिकार सम्पन्न बनाउनु सबैको कर्तव्य भएको बताए।

कांग्रेसका नेता विमलेन्द्र निधिले संघीय लोकतान्त्रिक शासन व्यवस्थाका लागि ठूलो योगदान दिएका स्वर्गीय नेता ठाकुरको सपना साकार पार्न संघीय लोकतान्त्रिक व्यवस्थालाई मजबुत बनाउन जरुरी रहेको बताए।

पूर्वमन्त्रीसमेत रहेका कांग्रेसका सह-महामन्त्री महेन्द्र यादवले नेपाली कांग्रेसले नै मुलुकमा विकासका ठूला परियोजनाहरूको निर्माणका साथै जनतालाई अधिकारसम्पन्न बनाएको बताए। अहिले पनि देश तथा मधेशको हित चाहने पार्टी कांग्रेस नै भएको उनले दाबी गरे।

नेपाली कांग्रेस धनुषाका सभापति योगेन्द्र पञ्जियारको सभापतित्वमा भएको कार्यक्रममा राष्ट्रियसभा सदस्य आनन्द प्रसाद ढुङ्गाना, केन्द्रीय सदस्य मिनाक्षी झा, स्वर्गीय ठाकुरका छोरी एवं संविधान सभाका सदस्य रश्मि ठाकुर, कांग्रेस प्रदेश सभापति कृष्ण प्रसाद यादव, प्रतिमा निर्माणमा बजेट दिएका पूर्व मन्त्री रामसरोज यादव, जनकपुरधामका मेयर मनोज कुमार साहले पनि स्व. ठाकुरको योगदारबारे चर्चा गरेका थिए।



# जनसंख्या र विकाससम्बन्धी छैटौं अन्तर्राष्ट्रिय सम्मेलन



काठमाण्डु । जनसंख्या र विकासलाई सन्तुलित ढङ्गले सँगसँगै लैजान आवश्यक नीतिगत व्यवस्थाका लागि साझा अवधारणा तयार गर्ने ध्येयका साथ यही मङ्सिर १२ देखि १५ गतेसम्म काठमाडौँमा जनसंख्या र विकाससम्बन्धी छैटौं अन्तर ाष्ट्रिय सम्मेलन हुँदैछ ।

त्रिभुवन विश्वविद्यालय, जनसंख्या अध्ययन केन्द्रीय विभागको आयोजना हुने सम्मेलनमा चीन, अमेरिका, युरोप, अष्ट्रेलिया, दक्षिणपूर्वी एसिया र एसियाली क्षेत्रका ३५ भन्दा बढी मुलुकका पाँच सयभन्दा बढी जनसंख्या र विकास क्षेत्रका प्राध्यापक, नीति निर्माता, अनुसन्धानकर्ता, विद्यार्थी र विषयविज्ञको सहभागिता रहनेछ। सम्मेलनको समुद्घाटन प्रधानमन्त्री केपी शर्मा ओलीले गर्ने कार्यक्रम छ।

सम्मेलनमा विभिन्न १७ वटा विषय र क्षेत्रमा केन्द्रित रहेर छलफल हुनेछन् । पछिल्लो समय जन्मदर घटिरहेको सन्दर्भमा जनसंख्याको व्यवस्थापन कसरी गर्ने भन्नेबारे विशेष छलफल हुने जनाइएको छ। "यस अवस्थामा जनसंख्या र विकासबीच कसरी तादम्यता मिलाउन सक्छौं, यसका लागि नीति निर्माताले के गर्नुपर्छ, विश्वविद्यालयमा कस्तो पाठ्यक्रम राख्नुपर्छ भन्ने बारेमा छलफल हुनेछ", विभागका सहप्राध्यापक एवं नेपाल जनसंख्या सङ्घका अध्यक्ष डा पदम खतिवडाले रासससँग भन्नुभयो।

सम्मेलनमा नेपालका तर्फबाट प्रजननदर, जन्मदर र बसाइँसराइलगायत जनसाि क परिवर्तनका बारेमा विशेष प्रस्तुति रहनेछ । पार्किन्सनलगायत नसर्ने रोगका विषयमा पनि सम्मेलनमा छलफल हुने कार्यसूची छ। नेपालमा लैङ्गिक समानता, समावेशिता र सामाजिक सुरक्षालगायत संवैधानिक हकको कार्यान्वनय अवस्थाका बारेमा पनि छलफल हुनेछ।

सम्मेलनमा विकास र जनसंख्याका क्षेत्रमा नेपालले हासिल गरेका उपलब्धि, भोग्नु परेका चुनौती र त्यसको सामानाका लागि अन्तर्राष्ट्रिय अनुभव आदानप्रदान हुनेछ । जनसंख्या र विकासका क्षेत्रमा कसरी परिवर्तन हुँदै आइरहेको भन्नेमा छलफल हुने सङ्घका अध्यक्ष डा खतिवडाले बताउनुभयो।

एसिया प्यासेफिक क्षेत्रमा भएका जनसांख्यिक परिवर्तन, बसाइँसराइ र औषत आयु बढ्दा परेको पारिवारिक असर र प्रभाव तथा विकास नीति, योजनाले परिवर्तित जनसंख्याको लाभ लिने र धान्नेबारेमा छलफल केन्द्रित हुने त्रिवि, जनसंख्या अध्ययन केन्द्रीय विभागका प्रमुख एवं प्रा डा योगेन्द्र गुरुङले जानकारी दिनुभयो। सम्मेलनको निष्कर्षबाट आगामी दिनमा जनसंख्या नीति निर्माण गर्न सघाउ पुग्ने विश्वास गरिएको उहाँको भनाइ छ । जनसंख्या र विकासबीच संयोजन गर्ने मुख्य उद्देश्यले सन् २०१० देखि सम्मेलन हुँदै आएको छ। पहिलो सम्मेलन भारतको नयाँ दिल्ली, दोस्रो थाइल्याण्डको बैंकक, तेस्रो मलेसियाको क्वालालम्पुर, चौथो चीनको साङ्घाइ र पाँचौँ इन्डोनेसियाको जाकर्तामा सम्पन्न भएको थियो।रासस

# सभ्य र हिंसारहित समाज निर्माण होस् : प्रधानमन्त्री ओली

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान सुरु भएको अवसरमा सभ्य र हिंसारहित समाज निर्माण गर्न महत्वपूर्ण योगदान पुगोस् भन्ने शुभकामना व्यक्त गर्नुभएको छ। प्रधानमन्त्री ओलीले सोमबार जारी गरेको शुभकामना सन्देशमा 'हामी सबैको प्रतिबद्धता : लैङ्गिक हिंसा अन्त्यको लागि ऐक्यबद्धता' भन्ने नाराका साथ सुरु भएको उक्त अभियानमा सो शुभकामना व्यक्त गनुभएको हो।

"म सबैलाई आग्रह गर्न चाहन्छु, हरेक सङ्घसंस्था वा समाज सबै ठाउँबाट सङ्कल्प गरौँ कि अब हामी लैङ्गिक हिंसा, भेदभाव हुन दिने छैनौँ", सन्देशमा भनिएको छ, "यस अभियानले हामी सबैलाई त्यही प्रेरणा प्रदान गरोस्, यस अभियानको भव्य सफलताका निम्ति म हार्दिक शुभकामना व्यक्त गर्दछु।"



प्रधानमन्त्री ओलीले हाम्रा प्रयासहरुलाई समृद्धिको बाटोमा, समानताको बाटोमा, सभ्यताको बाटोमा, न्यायको बाटोमा अगाडि बढाउन साझा प्रयासहरु गर्नुपर्ने र एकअर्कामा साथ सहयोग, पारस्परिक सम्मानको बाटोबाट शान्तिपूर्ण समाज, सभ्य समाज, मानवोचित समाजको निर्माण गर्न सक्छौं भनी सन्देशमा लेख्नुभएको छ । साथ, यस अभियानले मानवोचित समाज निर्माण गर्न सबैलाई प्रेरणा प्रदान गरोस भन्ने कामना समेत उहाँले गर्नुभएको छ।

"आजका निम्ति लैङ्गिक हिंसाले आँसु बगाउनुपर्ने स्थिति रहनु हाम्रो चेतना, हाम्रो सभ्यता, हाम्रो व्यवहारप्रति एउटा ठूलो प्रश्न चिह्न हो, लैङ्गिक विभेद र हिंसा हाम्रा निम्ति कलङ्क हुन्", सन्देशमा भनिएको छ, "हामीले चाहेको समाज एउटा न्यायपूर्ण समाज होस्, सभ्य समाज होस्, उन्नत समाज होस्, सुसंस्कृत समाज होस्। हाम्रा शास्त्राहरुमा पनि उल्लेख छ।

यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवताः। यत्रैतास्तु न पूज्यन्ते सर्वास्तत्राफलाः क्रियाःतर बीचमा सामन्ती युगले हाम्रो त्यो उत्कृष्ट मान्यतालाई लत्यायो र महिलाहरुलाई प्रताडीत गर्ने, अपहेलित गर्ने, विभेद गर्ने र हिंसाको शिकार हुने अवस्था बन्यो, यी कुराहरुलाई हामीले हटाउँदै गएका छौँ। "प्रधानमन्त्री ओलीले कसैले पनि पीडा भोग्न नपरोस्, हिंसाको शिकार हुन नपरोस्, अपमानित, अपहेलित र विभेद गरिएको स्थिति महसुस गर्न नपरोस्, यस अभियानका अवसरमा शुभकामना व्यक्त गर्नुभएको छ।

"यो हामी सबैको साझा अभियान हो, यो साझा अभियानलाई हामी सबैको संयुक्त प्रयासहरुबाट, हाम्रा एकताबद्ध प्रयासहरुबाट अगाडि बढाउन जरुरी छ"सन्देशमा भनिएको छ, "एउटा मानिसलाई यन्त्र ठान्ने दासयुग, महिलालाई वस्तु ठान्ने सामन्ति युगबाट हामी अहिले चेतनागत, मान्यतागत, संवैधानिक, कानुनी हिसाबले र व्यवहारिक हिसाबले आधुनिक, समतामूलक, शान्तिपूर्ण युगमा प्रवेश गरेका छौँ र यसलाई अझ उन्नत बनाउने हाम्रा प्रयास जारी छन्।"

प्रधानमन्त्री समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा पहिल्याएको र देशमा सुशासन र विकासको बाटोबाट समृद्धि हासिल गर्न चाहेको कुरा सन्देशमा लेख्नुभएको छ । "न्यायोचित समाज, सामाजिक न्याय र समानतासहितको समाज निर्माण गर्ने बाटोमा अगाडि बढिरहेका छौँ, यिनै कुराहरुलाई प्रतिविम्बित गरेर हामीले हाम्रा नीति कार्यक्रम तद्अनुसारका ल्याएका छौँ", सन्देशमा भनिएको छ, "सरकारका नीति कार्यक्रममा यी कुराहरु प्रतिविम्बित भएका छन् । यिनलाई कार्यान्वयन गर्नका लागि योजनाबद्ध कार्ययोजना तयार गरेका छौँ।"

सन्देशमा विभेद र अपराध एउटै कुरा नभएको र विभेद केही सामाजिक मान्यताका कारणले भएका उल्लेख छ । "जसलाई शिक्षा, चेतना, कानुनको प्रभावकारी कार्यान्वयनबाट हटाउन सकिन्छ, अपराध कानुनविरुद्धको कुरा हो, अपराध मानवताविरुद्धको कुरा हो", प्रधानमन्त्री सन्देशमा भन्नुभएको छ, "अपराध हिंसाको कुरा हो, यसका निम्ति हाम्रो संविधानको धारा १८ मा धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन भन्ने कुराको स्पष्ट व्यवस्था छ।"

एनपिएलले नेपालको पर्यटन प्रवर्द्धन र युवा प्रतिभालाई उजागर गर्नेछः प्रधानमन्त्री ओली

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल प्रिमियर लिग (एनपिएल) ले नेपालको पर्यटन प्रवर्द्धन र युवा प्रतिभालाई अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत गर्न प्रत्यक्ष सहयोग पुग्ने बताउनुभयो ।सोमबार ऐतिहासिक धरहरा परिसरबाट एनपिएलको ट्रफी अनावरण गर्नुहुँदै उहाँले लिगका लागि सरकारले सक्दो सहयोग र प्रोत्साहन गर्ने विश्वास दिलाउनुभयो।


प्रधानमन्त्री ओलीले खेल क्षेत्रको विकासका लागि सरकार सधैँ खेलाडीको साथमा रहेको बताउनुभयो । उहाँले एनपिएलले नेपाली क्रिकेटमा नयाँ आयाम थप्ने अपेक्षा व्यक्त गर्नुभयो। "क्रिकेट हाम्रो पुस्ताको सपना र गौरवको विषय पनि हो। यस लिगको माध्यमबाट नेपाली क्रिकेटमा नयाँ आयाम थप्न सकियोस्",प्रधानमन्त्री ओलीले भन्नुभयो,"सरकार यहाँहरूकै साथमा छ। व्यक्तिगत रूपमा म सरकारमा हुँदा वा नहुँदा जहिल्यै पनि मेरो रुचि र अपनत्व रहनेछ। सहभागी खेलाडी सबैलाई जितको शुभकामना दिन चाहन्छु।"

उहाँले यस खेलमार्फत युवा प्रतिभाको उजागर र नेपालीले अवसर पाएमा केही गर्छ भन्ने मान्यतालाई स्थापित होस् भन्ने कामनासमेत गर्नुभयो।रासस

# सभामुख घिमिरे र कम्बोडियाका प्रधानमन्त्रीबीच भेट

काठमाण्डु। पाँच दिने कम्बोडिया भ्रमणमा रहनुभएका सभामुख देवराज घिमिरेले त्यहाँका प्रधानमन्त्री सम्देच हुन मानेट र माथिल्लो सदन सिनेटका अध्यक्ष सम्देच हुन सेनसँग शिष्टाचार भेट गर्नुभएको छ । प्रधानमन्त्री मानेटसँग कम्बोडियाको पिस प्यालेसमा भएको भेटमा दुई देशबीचको ऐतिहासिक सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउने महत्वपूर्ण विषयहरूमा छलफल भएको सभामुखको सचिवालयले जनाएको छ।

भेटमा सभामुख घिमिरेले बुद्ध जन्मस्थल लुम्बिनी र कम्बोडियाको अंगकोरबाट हिन्दू तथा बौद्ध सम्पदालाई प्रवर्द्धन गर्न प्रत्यक्ष हवाई सेवा सुरु गर्नुपर्नेमा जोड दिनुभयो। यसले धार्मिक पर्यटन र सांस्कृतिक आदानप्रदानलाई थप प्रोत्साहन गर्ने सभामुखको विश्वास छ। नेपाल र कम्बोडियाबीच २०७५ मा नै हवाई सम्झौता भएको थियो।भेटमा दुवै देशका नागरिकबीच अनुभव आदानप्रदानका कार्यक्रमलाई बढावा दिनेबारे छलफल भएको थियो। सभामुख घिमिरेले नेपाल भ्रमणका लागि कम्बोडियाका प्रधानमन्त्रीलाई औपचारिक निमन्त्रणासमेत दिनुभयो।



प्रधानमन्त्री मानेटले साना राष्ट्रको सहकार्यका लागि सहिष्णुता र शान्तिका लागि अन्तर्राष्ट्रिय संसद् (आईपीटीपी)को अन्तर-संसदीयसभा उत्कृष्ट मञ्च भएको बताउनुभयो । उहाँले उपयुक्त समय मिलाएर नेपाल भ्रमण गर्ने इच्छा व्यक्त गर्नुभयो । भेटलाई दुई देश बीचको आर्थिक, सांस्कृतिक र कूटनीतिक सहकार्यलाई थप सुदृढ बनाउने महत्वपूर्ण अवसरको रूपमा हेरिएको छ।

सभामुख घिमिरेले आइतबार साँझ नै माथिल्लो सदन सिनेटका अध्यक्ष सेनसँग भेट गर्नुभएको छ। कम्बोडिया पिपल्स पार्टी मुख्यालयमा भएको भेटका क्रममा दुवै पक्षले दुई देशका विधायिका बीचको सम्बन्धलाई थप बलियो बनाउने विषयमा छलफल भएको थियो । यस्तै दुई देशबीचको दीर्घकालीन सम्बन्धलाई थप सुदृढ बनाउने, संसदीय अभ्यास, क्षेत्रीय सहयोग र साझा चासोका विषयमा सहकार्यको सम्भावनाबारे समेत छलफल भएको सभामुखको घिमिरेको सचिवालयले जनाएको छ।

सभामुखले नेपाली शान्ति प्रक्रियाको अद्वितीय सफलताको अनुभव बाँड्दै दुवै देशले साझा हितका क्षेत्रमा थप समझदारी र साझेदारी गर्न सक्ने धारणा राख्नुभएको थियो । उहाँले शनिबार साँझ कम्बोडियाको राष्ट्रियसभाका अध्यक्ष सम्देच मोहा रथसपिथिका थिपादेई खुऔन सुदारीसँग समेत भेट गर्नुभएको थियो।

पाँच सदस्यीय प्रतिनिधिमण्डलको नेतृत्व गर्दै कम्बोडियाको राजधानी नोम पेन्ह पुग्नुभएका सभामुखले आइतबार सहिष्णुता र शान्तिका लागि अन्तर्राष्ट्रिय संसद्‌को ११औं पूर्ण सत्रलाई सम्बोधन गर्नुभएको थियो। उहाँ नेतृत्वको टोली मङ्गलबार साँझ स्वदेश फर्कने कार्यक्रम छ।रासस

# नेतृत्व तथा क्षमता विकास तालिम

**टुडे समाचारदाता**

राजविराज । बौद्धिक अपांगता भएका व्यक्तिका अभिभावक तथा त्यस क्षेत्रमा कार्यरत संघ-संस्थाका पदाधिकारीलाई लक्षित गरी राजविराजमा सोमबारदेखी दुई दिने तालिम शुरु भएको छ।

उनीहरुको सीप, क्षमता र नेतृत्व विकासका लागि बौद्धिक प्रस्तावना लेखन, नेतृत्व विकास, सीप र क्षमता लगायतका विषयमा प्रशिक्षण दिइने बौद्धिक अपाङ्गता अभिभावक संघका व्यवस्थापक ज्ञानेन्द्र कुमार झाले जानकारी दिए।

सो तालिममा सप्तरीका अतिरिक्त चितवनबाट समेत बौद्धिक अपाङ्गता अभिभावक संघका अध्यक्ष निर्मल कुमार श्रेष्ठको



अपाङ्गता अभिभावक महासंघ केन्द्रिय समिति काठमाडौंद्वारा संघको राजविराज शाखाको समन्वयमा तालिमको आयोजना गरिएको छ।

दुई दिने तालिममा सहभागीहरुबाट टोली निर्माण गरी लक्ष्य निर्धारण, द्वन्द व्यवस्थापन, नेतृत्व प्रस्तुती, नेतृत्वमा ९ जना सहभागी हुन आएको शाखा सप्तरीका कार्यवाहक अध्यक्ष राजेश परियारले बताए।

तालिमका मुख्य प्रशिक्षक गणेश गिरीले सहभागीहरुलाई ताजगिका लागि नेपाली लोकगीतमा नृत्य गराएका थिए। जसबाट ताजगि महसुस गरेका सहभागिमा उत्साह थपिएको थियो।

# मल वितरण नगर्ने संस्था खारेजीको माग



**टुडे समाचारदाता**

वीरगञ्ज । रासायनिक मल किसानहरुलाई बितरण नगरेको भन्दै कृषि सहकारी संस्थाको दर्ता खारेज गर्न जीराभवानी गाउँपालिकामा किसानहरुले माग गरेका छन्।

पर्साको जीराभवानी गाउँपालिका वडा नम्बर ४ स्थित सुपौलीमा संचालित संगम कृषि सहकारी संस्थाको दर्ता खारेजीको माग गर्दै किसानहरुले कृषि शाखामा निबेदन दर्ता गराएका छन्।

सो संस्थाका संचालकले पालिकाको सिफारिसमा ९० थान बोरा डिएपी र १०० थान बोरा यूरिया मल एक साता अगाडी ल्याएका थिए। तर हालसम्म मल बितरण नगरेको किसानहरुको आरोप छ। गहुँ छर्ने बेला पर्साको ग्रामीण भेगमा रासायनिक मलको अभाव भएको बेला सो संस्थाले मल बितरण नगरेका किसानहरुको भनाइ छ।

यस सम्बन्धमा कृषि शाखाका प्राविधिक क्षेत्र बहादुर साहले गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत तथा सो वडाका वडाअध्यक्षसं छलफल गरी कारबाही गरिने बताए।

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : प्रतिभा सम्पन्नता। |
| वृष | : शिक्षामा उन्नति। |
| मिथून | : पारिवाहिक सुख। |
| कर्कट | : धन वृद्धि सञ्चय। |
| सिंह | : प्रेम प्रसंग, मित्र सुख। |
| कन्या | : सुख समृद्धि हुने। |
| तुला | : भ्रमण अवसर हुने। |
| वृश्चिक | : अवसर प्राप्त। |
| धनु | : वाद विवादबाट बच्नु। |
| मकर | : नयाँ कार्य हुने। |
| कुम्भ | : पुरस्कार प्राप्त लाभ। |
| मीन | : बौद्धिक क्षमता। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |




लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियानको अवसरमा सोमबार महोत्तरीको सदरमुकाम जलेश्वरमा सरोकारवालाहरूद्वारा गरिएको प्रभातफेरि कार्यक्रमका सहभागीहरू। *तस्बिरः रासस*

# डाक्नेश्वरी ४ मा यादवको उम्मेदवारी कायमै

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको डाक्नेश्वरीनगरपालिकामा आसन्न मंसिर १६ गते हुन लागेको उपनिर्वाचनमा वडा नम्बर ४ बाट राष्ट्रिय प्रजातन्त्र पार्टीका तर्फबाट वडाअध्यक्ष पदका लागि उम्मेदवारी दर्ता गराएका रामकुमार यादवको उम्मेदवारी कायमै रहेको जिल्ला निर्वाचन कार्यालय सप्तरीले जनाएको छ।




जिल्ला निर्वाचन अधिकारी रमेश कुमार जोशीले वडाअध्यक्षको उम्मेदवारीमा यादव कायमै रहेको जनाएका छन्।

उम्मेदवारी फिर्ता लिने दिन मंसिर ५ गते वडाअध्यक्ष पदका उम्मेदवार यादवले उम्मेदवारी फिर्ता लिने भन्दै आफ्नो हस्ताक्षरसहितको आवेदन फारम भरेर ल्याएपनि प्रक्रिया पुऱ्याएर नआएकाले उनको उम्मेदवारी कायमै रहेको निर्वाचन अधिकारी जोशीको भनाइ छ।

"पार्टीबाट उम्मेदवारी दर्ता गराएका व्यक्तिले पार्टीकै सिफारिसमा उम्मेदवारी फिर्ता लिएको आवेदन फारम भर्नुपर्छ, निर्वाचन अधिकारी जोशीले भने, तर यादवले सो प्रक्रिया पुरा गर्न नसकेका कारण उनको उम्मेदवारी कायमै राखिएको छ।"

यादवको उम्मेदवारी कायमै रहेपनि वडा नं. १ बाट स्वतन्त्र उम्मेदवारी दिएका अर्का उम्मेदवार सियाकान्त चौधरीले प्रक्रिया पुरा गरेर उम्मेदवारी फिर्ता लिएकाले चौधरीको भने उम्मेदवार सूचीबाट नाम हटाइएको र अब उक्त पालिकाको वडा नं. १ र ४ मा हुने उपनिर्वाचनमा विभिन्न दलका १५ र एक स्वतन्त्र गरि १६ जना मात्र उम्मेदवार कायम रहेको जिल्ला निर्वाचन कार्यालय सप्तरीले जनाएको छ।

# नवीनतम् र रचनात्मक कार्य गर्न प्रहरी महानिरीक्षकको निर्देशन



काठमाण्डु । प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले प्रहरी सङ्गठनको बृहत्तर हितका लागि नवीनतम् र रचनात्मककार्य गर्न मातहतका निकायलाई निर्देशन दिनुभएको छ।

प्रहरी प्रधान कार्यालयमा सोमबार आयोजित नेपाल प्रहरी कार्ययोजना, २०८० तथा चालु आर्थिक वर्ष २०८१/०८२ को कार्यसम्पादन सम्झौताको पहिलो त्रैमासिक कार्यप्रगति समीक्षा कार्यक्रममा उहाँले शान्ति सुरक्षा, अपराध नियन्त्रण, ट्राफिक व्यवस्थापन र विपद् व्यवस्थापनलगायत कार्यमा क्रियाशील हुन निर्देशन दिनुभयो।


थाँती रहेका मुद्दा फछ्र्यौट एवम् विभिन्न मुद्दाका फरार प्रतिवादीलाई पक्राउ गरी फैसला कार्यान्वयनतर्फ थप सक्रियाता अपनाउन आग्रह गर्दै महानिरीक्षक कुँवरले तस्करी नियन्त्रणमा समेत विशेष ध्यान पुऱ्याउन निर्देशन दिनुभयो। नेपाल प्रहरीको आन्तरिक सुदृढीकरणलाई प्रमुख आधार विन्दु मान्दै तयार गरिएको प्रहरी कार्ययोजनामा आधारित रहेर चालु आर्थिक वर्षमा गरिएको कार्यसम्पादन सम्झौता कार्यान्वयनको हालसम्मको अवस्था सन्तोषजनक रहेको बताउनुभयो।

कार्यक्रममा नेपाल प्रहरी प्रधान कार्यालयअन्तर्गतका पाँचवटै विभाग एवम् अन्वेषण योजना तथा विकास निर्देशनालय, राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्ज, केन्द्रीय अनुसन्धान ब्यूरो, नेपाल प्रहरी अस्पतालका प्रतिनिधिले आ-आफ्नो प्रस्तुतीकरण गर्नुभएको केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिनुभयो । प्रस्तुतीकरणमा कार्यसम्पादन सम्झौताअन्तर्गत पूर्णसम्पन्न क्रियाकलाप र सङ्क्षिप्तकार्य प्रगति विवरणलगायत विषय समेटिएका थिए । यस्तै काठमाडौँ उपत्यका प्रहरी कार्यालयका प्रतिनिधि र सात वटै प्रदेश प्रहरी कार्यालयका प्रमुख एवम् प्रतिनिधिले गर्नुभएको प्रस्तुतीकरणमा प्रभावकारी अपराध अनुसन्धान विवरण, शान्ति सुरक्षाको प्रभावकारी व्यवस्थापन र सुधार, नागरिक केन्द्रित प्रहरी सेवा प्रवाहमा सुदृढीकरणलगायत कार्यसम्पादन सम्झौताको प्रभावकारी कार्यान्वयनको लागि चालिने कदम र प्रयासलगायत विषय समेटिएका थिए।

कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी नायव महानिरीक्षक, वरिष्ठ प्रहरी अधिकृतलगायतको उपस्थितिको साथै सात वटै प्रदेश प्रहरी कार्यालयका प्रमुख, नेपाल प्रहरी प्रदेश कार्यालयका प्रमुख, प्रदेश प्रहरी तालिम केन्द्रका प्रमुख, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयका प्रमुखको भर्चुअल उपस्थिति थियो।रासस

# अस्तित्व जोगाउन र अवसरको खोजीमा उम्मेदवारहरु

जलेश्वर । महोत्तरी जिल्लाको रामगोपालपुर नगरपालिका-२ मा अहिले उपनिर्वाचनको चुनावी माहौलले वातावरण तातिएको छ । २०७९ सालमा भएको स्थानीय तहको निर्वाचनमा निर्वाचित रामगोपालपुर नगरपालिका-२ का वडाध्यक्ष मुकेशकुमार यादवको गत भदौ ९ गते मोटरसाइकल दुर्घटनामा परी निधन भएपछि हुन लागेको त्यस वडाको अध्यक्ष पदको उपनिर्वाचनमा आठ राजनीतिक दल र १२ जना स्वतन्त्रसहित २० जनाले उम्मेदवारी दिएपछि अहिले चुनावी सरगर्मी बढेको हो।




चुनावी प्रतिस्पर्धामा होमिएका उम्मेदवारहरुमध्ये कोहीलाई आफ्नो अस्तित्व जोगाउने चिन्ता छभने कोहीलाई नयाँ अवसर पाउने सम्भावना देखिएको भने कोही त्यहाँ केही चमत्कार गरेर आफूले बाजी मार्ने पर्खाइमा छन्।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)बाट निर्वाचित पूर्वअध्यक्ष मुकेशकी पत्नी आइतीकुमारी यादवलाई सो पार्टीले उम्मेदवार बनाएकाले उहाँलाई आफ्नो पार्टीको अस्तित्व जोगाउने चनौती रहेको छ । उहाँ आफूले पतिको अधुरा सपना पूरा गर्ने उद्देश्य बोकेर चुनावमा होमिएको बताउनुहुन्छ । उहाँले दुई वर्षको अवधिमा आफ्ना पतिले रामगोपालपुर-२ का जनताका लागि धेरै कामकाज गर्नुभएको र अझै बढी काम गर्ने बाँकी रहेका विकासका असंख्य योजना र सपनाहरु पूरा गर्नका लागि आफूले उम्मेदवारी दिएको बताउनुभयो।

यसअघिको चुनावमा निकटतम प्रतिद्वन्द्वीका रुपमा रहेको नेपाल कम्युनिष्ट पार्टी (एमाले) को तर्फबाट सकिबुल खानले उम्मेदवारी दिनुभएको छ । मधेश प्रदेश सरकारको वर्तमान भौतिक पूर्वाधार विकास मन्त्री सरोजकुमार यादवको त्यो गृहवडा हो । मन्त्री यादवसहित एमालेका नेताहरु यहाँका जनताका लागि स्थानीयदेखि प्रदेश सरकारसम्म विभिन्न कार्यक्रम र योजना ल्याएको बताउँदै जनतासँग मत माग्नुभएको छ। मन्त्री यादवले जनतालाई आफ्नो पार्टी एमालेलाई नै जिताउन भोट माग्दैछन्।

चुनावी प्रतिस्पर्धामा मधेश र मधेशका लागि केवल जनता समाजवादी पार्टी नेपाल नै अब्बल रहेको दावीका साथ उपचुनावमा वडाध्यक्ष पदमा उम्मेदवारी दिनुभएका सो पार्टीका उम्मेदवार मो.नजामुद्दिन खानले यसपालिको चुनाव आफूले जित्ने दाबी गर्नुभयो । उहाँले मधेश र मधेशीको हक, अधिकार स्थापित गराउनुदेखि लिएर मधेश र मधेशीका सबै एजेन्डा आफ्नो पार्टीले पूरा गराउने बताउँदै मत माग्नुभएको छ । रामगोपालपुर-२ का जनताले सबै बेथिति र कमी कमजोरी अन्त्यका लागि आफूलाई मत दिएर जिताउने उहाँले विश्वास व्यक्त गर्नुभयो।

पार्टीगत उम्मेदवारीकै क्रममा आफ्नो पार्टीको निम्ति तराई मधेशलाई सधैँ उर्वर भूमि मानेको नेपाली काँग्रेसको तर्फबाट वडाध्यक्ष पदका लागि उम्मेदवारी दिनुभएका मो.जनिफ खान पनि जनताको विश्वास आफूमा भएकाले विजयी हुनेमा विश्वस्त हुनुहुन्छ। उहाँले अन्य कुनै दलले मधेशको मुद्दालाई सम्बोधन गर्न नसक्ने केवल नेपाली काँग्रेस पार्टी नै मधेश र मधेशीको मुद्दा सम्बोधन गराउन सक्षम रहेकोले यस उपचुनावमा जितेर मधेश र मधेशी जनताको सम्पूर्ण मुद्दा सम्बोधन गर्ने दाबी गर्नुभयो। यस वडामा विकासको नाउँमा भएका अनियमितता, नातावादको अन्त्य गर्न र विकासका लागि आफूले उम्मेदवारी दिएको उहाँले बताउनुभयो।

डा सिके राउतले नेतृत्व गर्नुभएको जनमत पार्टीबाट वडाध्यक्ष पदमा ललिन्द्रकुमार साहले उम्मेदवारी दिनुभएको छ । उहाँले आफ्नो पार्टीले गत चुनावमा लडेर जितेका स्थानहरुमा विकासको लहर ल्याएको बताउँदै अहिले मधेश प्रदेशको मुख्यमन्त्री भएर विभिन्न लाभकारी योजनाहरु सञ्चालन गरिहेको र जनताको पक्षमा प्रदेशदेखि केन्द्रसम्म विभिन्न कार्यक्रमहरु गरिरहेकाले मौकाको फाइदा उठाउन आफूलाई मतदान गर्न आग्रह गर्नुभयो।

उहाँले यस वडाका सबै थिचोमिचोमा परेका, अन्याय अत्याचारमा परेका, दमन शोषणमा परेका जनता आफ्नो साथमा रहेको र यहाँ नयाँ परिवर्तन हेर्न चाहेकाले यसपालि यहाँ बिल्कुलै नयाँ राजनीतिक पार्टी 'जनमत पार्टी' ले नै मौका पाउने र जितेर जनताको जित स्थापित गर्ने बताउनुभयो।

त्यस्तै राष्ट्रिय स्वतन्त्र पार्टीबाट उम्मेदवारी दिनुभएका खुर्सेद खानले वडाध्यक्षमा आफू निर्वाचित हुने दाबी गर्नुभएको छ । देश र जनताको सेवामा समर्पित आफू रहेको उहाँले बताउनुभयो। राष्ट्रिय प्रजातन्त्र पार्टीबाट मो.मनान खान र राष्ट्रिय जनता पार्टीबाट उम्मेदवारी दिनुभएका राजेशकुमार यादवले जनताको सुखदुःखमा सधैँ आफूले सहयोग गरेकाले आफूहरु नै चुनाव जित्नेमा विश्वस्त हुनुहुन्छ।

यी माथि उल्लिखित पार्टीगत उम्मेदवारका बाहेक यस वडामा १२ जना स्वतन्त्र उम्मेदवार गरी जम्मा २० जनाले वडाध्यक्ष पदका लागि उम्मेदवारी दिनुभएको छ र सबैको आफू जित्ने दाबी रहेको छ । स्वतन्त्र उम्मेदवारी दिनेहरुमा अशोककुमार यादव, गङ्गाप्रसाद यादव, धिरेन्द्रप्रसाद यादव, नजामुद्दिन खान, विमलेन्द्रकुमार यादव, मुकेश्वर ठाकुर, मो.अरमान रजा, मो.इमामुद्दिन खान, राकेशकुमार यादव, राजदेव यादव, रामऔतार यादव र विजयकुमार यादव हुनुहुन्छ।

निकै प्रतिस्पर्धा हुने यस वडाको वडाध्यक्षको उपनिर्वाचनमा कसको अस्तित्व बच्ने, कसको साख गुम्ने, प्रतिष्ठा कायम रहने, कसले मौका पाउने वा कस्तो चमत्कार हुने कुरा आउँदो मङ्सिर १६ गते हुने उपनिर्वाचनले देखाउने नै छ । आठ पार्टीगत र १२ स्वतन्त्रसहित यस वडामा २० जना उम्मेदवारले प्रतिस्पर्धा गर्ने भएको मुख्य निर्वाचन अधिकृत राजकुमार कोइरालाले बताउनुभयो। उपनिर्वाचनमा नौ सय ४० जना महिलासहित दुई हजार एक सय ४१ जना मतदाता रहेका छन्।रासस

# 'क्रेडिट रेटिङ'ले नेपालमा पुँजी परिचालनका लागि अवसर देखायो : सिबिफिन

काठमाण्डु। बैंक तथा वित्तीय संस्था परिसङ्घ-नेपाल (सिबिफिन)ले नेपालको सार्वभौम साख मूल्याङ्कन (सोभरेन क्रेडिट रेटिङ) बाट लगानीकर्तामाझ पुँजी परिचालनका लागि ठूलो अवसर देखाएको जनाएको छ । सिबिफिनले प्रेस विज्ञप्ति जारी गर्दै क्रेडिट रेटिङबाट नेपालमा लगानीको वातावरण राम्रो रहेको मात्र नभइ सुरक्षित प्रतिफलको प्रत्याभूतिसमेत गराएको जनाएको छ।

CONFEDERATION OF BANKS AND FINANCIAL INSTITUTIONS, NEPAL
बैंक तथा वित्तीय संस्था परिसंघ, नेपाल

"दक्षिण एशियाका अन्य मुलुकमध्ये छिमेकी मित्रराष्ट्र भारतभन्दा पछिको दोस्रो उच्च सार्वभौम साख मूल्याङ्कनको प्राप्तिले नेपालको साख र विश्वसनीयता बढाएको मात्र छैन, यसले अन्तर्राष्ट्रिय लगानीकर्ताका लागि नेपाल सुरक्षित, विश्वसनीय र भरपर्दो स्थान भएको प्रमाणितसमेत गरेको छ", सिबिफिनको विज्ञप्तिमा उल्लेख छ।

मुलुकको अर्थतन्त्रका बाह्य सूचकहरु बलियो स्थितिमा रहेका, पर्याप्त तरलतासहित न्यून ब्याजदर कायम हुँदाहुँदै पनि अपेक्षितरुपमा कर्जा लगानी विस्तार हुन नसकि आर्थिक गतिविधिले तीव्रता लिन नसकिरहेको वर्तमान सन्दर्भमा भएको यस मूल्याङ्कनले समग्र निजी क्षेत्रमा समेत विश्वासको वातावरण सिर्जना गरेको र लगानी विस्तार, कर्जा प्रवाह तथा पुँजी परिचालनको लागि ठूलो अवसर सिर्जना गरेको सिबिफिनको बुझाइ छ।

बैंक तथा वित्तीय संस्थालाई बाह्य जगतबाट सहुलियत दरमा ऋण ल्याउन, पुनःबीमा कम्पनीले अन्य देशमा व्यवसाय विस्तार गर्न, धितोपत्र बजारलाई अन्तर ाष्ट्रियकरण गर्न, विदेशी बजारमा ऋण लिन तथा ऋणपत्र बिक्री गरी वित्तीय साधन जुटाउनका लागि क्रेडिट रेटिङको नतिजाले महत्वपूर्ण भूमिका खेल्ने विज्ञप्तिमा उल्लेख छ।रासस

# संयुक्त निर्वाचन सञ्चालन केन्द्र स्थापना

काठमाण्डु। आसन्न उपनिर्वाचनका क्रममा आइपर्ने समस्या तत्काल समाधान गर्ने उद्देश्यले सोमबारदेखि निर्वाचन आयोगमा संयुक्त निर्वाचन सञ्चालन केन्द्र स्थापना गरिएको छ।

आयोगका सचिव रविलाल पन्थको संयोजत्वमा सञ्चालित केन्द्रबाट आयोगका निर्णयको कार्यान्वयन अवस्था, आचारसंहिताको पालना र उल्लङ्घनका विषयमा परेका उजुरी एवम् प्राप्त जानकारी र निर्वाचन व्यवस्थापनका विभिन्न पक्षबारे नियमित रूपमा जानकारी लिई तत्कालै समस्या समाधान गरिने जनाइएको छ।


निर्वाचन परिणाम घोषणा नभएसम्म केन्द्र सञ्चालनमा आउने आयोगका प्रवक्ता नीता पोखेल अर्यालले जानकारी दिनुभयो।

आयोगका सहसचिव नारायणप्रसाद सापकोटा, गृह मन्त्रालयका सहसचिव ऋषिराम तिवारी, नेपाली सेनाका महासेनानी सुवास खड्का, राष्ट्रिय अनुसन्धान विभागका सहअनुसन्धान निर्देशक नरेशबहादुर शाह, नेपाल प्रहरीका प्रहरी वरिष्ठ उपरीक्षक दीपक रेग्मी, सशस्त्र प्रहरी बल नेपालका सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक दिग विजय सुवेदी तथा आयोगका उपसचिवद्वय दुर्गाप्रसाद चालिसे र डा थानेश्वर भुसाल केन्द्रको सदस्य रहनुभएको छ। यही मङ्सिर १६ गते आइबार स्थानीय तहका रिक्त ४४ पदमा निर्वाचन हुँदैछ।रासस

Madhesh Institute of Health Sciences
Provincial Hospital
Janakpurdham
Bid Addendum Notice
Bid Addendum Publication Date: 26 November 2024
Addendum is done in IFB No. MIHS/NCB/GOODS/2081-82/03 ; The Procurement of supply and delivery of Aama Surakshya Karyakram Medicine and Surgical Goods; Published on 28 October 2024. For details on Bid Addendum, visit www.bolpatra.gov.np/egp

जनकपुर टुडे






अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

# सम्पादकीय

## राउतको कटाक्ष र प्रदेश सरकारको विकल्प

मधेश प्रदेश सरकारको रवैयाले फेरि पनि सत्तारुढ गठबन्धन दल नै असन्तुष्ट देखिएको छ। जनमत पार्टीका अध्यक्ष सीके राउतको अभिव्यक्ति र मधेश प्रदेश सरकारका मुख्यमन्त्री सतीशकुमार सिंहको स्वेच्छाचारी प्रवृत्तिका कारण सत्तागठबन्धनका घटक दल नेपाली कांग्रेसका शीर्षनेताहरुले सार्वजनिक रुपमै मधेश प्रदेश सरकारको कामकारबाहीको रवैया देखेर असन्तुष्टि पोख्न थालेका छन्। त्यसमा पनि जनमत पार्टीका अध्यक्ष राउतले विदेशमा गएर प्रधानमन्त्री केपी शर्मा ओलीप्रति व्यंग्य गरेपछि गठबन्धनका मुख्य दल नेकपा एमालेसमेत क्रुद्ध बनेको छ। एसियाली राजनीति पार्टीहरूको अन्तर र्ाष्ट्रिय सम्मेलन (आईक्याप)को १२औँ साधारण सभामा भाग लिन कम्बोडिया पुगेका जनमतका अध्यक्ष राउतले नेपालमा प्रधानमन्त्री ओलीलाई भेट्न नपाएको गाह्रो भएको आलोचना गरेपछि एमालेका शीर्षनेतृत्व पनि मधेश प्रदेश सरकारको विकल्पबारे सकारात्मक भएको देखिन्छ। शनिबार कोम्बोडियाका प्रधानमन्त्री सामदेक टेचो हुन सेनसँग भेटघाटपछि जनमत पार्टीका अध्यक्ष राउतले सामाजिक सञ्जाल अन्तर्गतको फेसबुक पेज र एक्समा फोटो राखेर प्रधानमन्त्री ओलीप्रति कटाक्ष गरेका थिए। कम्बोडियाका प्रधानमन्त्री हुन सेनसंगको भेटघाटपछि अध्यक्ष राउतले आफ्नो सामाजिक सञ्जालको पेज तथा एक्समा पनि कम्बोडियाका प्रधानमन्त्री सामदेक टेचोसँग भेटवार्ताको क्रमवाला तस्वीर राख्दै नेपालको प्रधानमन्त्रीसंग भेट्न साह्रै गाह्रो भएको भनेर लेखेका थिए। सत्तागठबन्धन दलकै अध्यक्ष राउतले देशका प्रधानमन्त्रीलाई भेट्न नपाएको आलोचना कम्बोडियामा गरेका छन्। कम्बोडियाका प्रधानमन्त्री हुन सेनसंग भेटघाटको तस्बिर राखेर आलोचनात्मक टिप्पणी गरेकोमा अध्यक्ष राउतको आलोचना हुन थालेको छ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेलाई पक्राउ गरेपछि अध्यक्ष राउतले ओली नेतृत्वको सरकारलाई सार्वजनिक रुपमै जथाभावी आलोचना गरेका थिए। अध्यक्ष राउतले आलोचना गरेपछि प्रधानमन्त्री ओलीले उनलाई सत्तागठबन्धनको बैठकमै बोलाएर स्पष्टीकरणसमेत लिएका थिए। तर अध्यक्ष राउतले त्यसपछि पनि प्रधानमन्त्री ओलीको सार्वजनिक रुपमै विभिन्न मञ्चमार्फत विरोध गर्दै आएको देखिन्छन्। अर्कोतर्फ एमालेबाट नै निर्वाचित भएका सभामुख देवराज घिमिरेले पनि जनमत पार्टीकी समानुपातिक सांसद गोमालाभ सापकोटालाई पदबाट बर्खास्त गर्न नमानेपछि राउतले उनलाई पनि धम्की दिएका थिए। तर सभामुख घिमिरेले पदबाट हटाउनका लागि प्रमाण अपुग भएको भन्दै सांसद सापकोटालाई हटाएनन्। जनमत पार्टीका अधिकांश नेताहरुले प्रधानमन्त्री ओलीले काम गर्न नसकेको भन्दै सार्वजनिक रुपमै आलोचना गर्न थालेका छन्। मधेशमा जनमत नेतृत्वको सरकारलाई विकल्पको चर्चा परिचर्चा भइरहेको बेलामा राउतको व्यंग्यात्मक टिप्पणीले राजनीतिमा प्रतिकूल असर पर्ने देखिन्छ।

# नयाँ सामाजिक संगठनको आवश्यकता



रोशन जनकपुरी

समयसंगै राजनीति, धर्म र संस्कृति सबैको चरित्र बदलिएको छ। विशेष गरेर राजनीति सेवाभन्दापनि व्यवसायमा परिणत हुँदै गएपछि धर्म, संस्कृति र जनकल्याणमा सम्मिलित सामाजिक संस्थाहरुको चरित्रमा पनि व्यापक परिवर्तन आएको छ। सूक्ष्मतापूर्वक हेर्दा राजनीति, धर्म र संस्कृतिको यस ध्रुवीकरणको केन्द्रमा पूँजी र पूँजीपति देखिन्छन्।

विगतमा जस्तो पुस्तकालय खोल्ने, दाइजो विरोधी अभियान सञ्चालन गर्ने, गरिब र पिछडिएका वर्ग र समुदायको सन्तानहरुको निम्ति निःशूल्क शैक्षिक अभियान चलाउने र कक्षा सञ्चालन गर्ने, राजनीतिक र सामाजिक सचेतनासंग जोडिएका सामाजिक संस्थाहरु, तथा खेलकूद र साँस्कृतिक कार्यक्रमसंग जोडिएका क्लबहरु अहिले देखिँदैनन्। अहिले यसखालका उद्देश्यका दावीहरु अधिकांशतः आइएनजीओ (अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु) को आर्थिक निर्भरतामा सञ्चालित एनजीओ (गैर सरकारी संस्था)ले गरिरहेको देखिन्छ। यस्ता आइएनजीओ र एनजीओमा अनेक निहुँमा प्रत्यक्ष अप्रत्यक्ष राजनीतिक दलहरुसंग जोडिएका तर आफूलाई राजनीतिक तटस्थ भन्ने चतुर बुद्धिजीविहरु हुन्छन्। प्रायः नागरिक समाजको रुपमा परिचित यस्ता एनजीओमार्का बुद्धिजीविहरुले तटस्थ शैलीमा विविध जनसरोकारको विषयमा सुविधासम्पन्न होटलहरुमा कार्यक्रमहरु आयोजना गर्छन्, बहस चलाउँछन्, आ आफ्ना आर्थिक सहयोगी विदेशी आइएनजीओको अनुकूल तथ्यांक संकलन गर्छन् र सरकारलाई सुझाव दिने निष्कर्षमा टुङ्ग्याउने गर्छन्। यस्ता आयोजनमा प्रायः राज्यसत्ताको कानूनी धारमा बगेका बुद्धिजीविहरु (प्राध्यापकहरु, वकीलहरु, शिक्षकहरु, राजनीतिक दलका शिक्षक, विद्यार्थी, वकील आदि पेशागतसंगठनका अगुआहरु), र सामाजिक अगुआहरु सहभागी हुने गर्छन्। त्यसैले यस्ता आयोजनहरु अधिकांशतः वैदेशिक चन्दादाता आइएनजीओ र राज्यसत्ताको उद्देश्य अनुकूल नै हुने गर्छन्। यसमा सहभागी बुद्धिजीविहरु र सामाजिक अगुआहरुलाई नागरिक समाज भनेर सम्बोधित गरिन्छ। एक किसिमले यिनीहरु राज्यसत्ताका 'सेफ्टी भल्भ' जस्ता हुन्छन्, जस्ले जनतामा व्याप्त राज्यसत्ता विरुद्धको आक्रोशलाई मत्थर पार्ने तथा ट्विस्ट गर्ने गर्छ। आलोचकहरुको मतमा विगतका दुई दशक भित्र यस्ता एनजीओमा लागेका नागरिक समाजका बुद्धिजीविहरुको एउटा ठूलो हिस्सा नवधनाढ्यको रुपमा विकसित भएको छ। केही आलोचक अर्थशास्त्री र राजनीतिक विश्लेषकहरुले यी एनजीओ र आइएनजीओहरु माथी अप्रत्यक्ष किसिमले राजनीतिक दलहरुलाई अवैध आर्थिक सहयोग गरेको आरोपपनि लगाउने गरेको पाइन्छ।....यो भिन्नै विषय हो, यसले विषयान्तर हुन्छ। यस विषयमा यतिमात्रै कि आइएनजीओ र एनजीओहरु विश्वका गरिब, अविकसित र विकासशील देशहरुको राजनीति र सामाजिकतालाई आफू अनुकूल नियन्त्रण गर्न आधुनिक नवसाम्राज्यवादी र धनी देशको सबैभन्दा प्रभावशाली वित्तीय हतियार हो, र यस्को जालो विश्वभरी छ। अहिले मूल विषयमा फर्कनु नै उचित हुनेछ।....

अहिले सामाजिक सरोकारसंग जोडिएका सामाजिक संस्थाहरु देखिँदैन। अहिले स्थानीयस्तरमा देखिने र सरकारी रेकर्डमा दर्ता भएका सामाजिक संस्थाहरु कि त जातीय संगठनहरु छन्, कि अर्द्धराजनीतिक धार्मिक प्रकृतिका संगठनहरु छन्। यस्ता संगठनहरुका अगुआ (अध्यक्ष आदि)हरु प्रायः चल्तीका राजनीतिक नेता वा मन्त्री आदिका सामाजिक व्यवस्थापक तथा सुरक्षा दस्ता हुन्छन्। नेताजी वा मन्त्री आउँदा वा जाँदा यी सामाजिक संगठनका अगुआहरुले जयजयकार गर्न, टाउको नै छोपिने गरि माला पहिऱ्याउन र भीड जुटाउन सक्रिय हुने गर्छन्। राजनीतिक दलहरुले आफ्ना उत्तराधिकारी पुस्तापनि प्रायः यस्तै मध्येबाट छनौट गर्ने गर्छन्। यस दृष्टिले यी जातीय र अर्द्धराजनीतिक सामाजिक संगठनहरु राजनीतिक दलहरु र नेताजीहरुको अनौपचारिक स्थानीय आधारपनि हुने गर्छ। यस्ता संगठनमा संलग्न अगुआ र सदस्यहरुको आर्थिक सरोकार प्रायः औद्योगिक व्यापारिक समुदाय, व्यापारसंघ जस्ता व्यावसायिक सामुदायिक संस्था र मध्यवर्गीय समाजबाट हुने गर्छ।

विगत केही दशक पूर्वसम्म सामाजिक सरोकारका विषयहरुमा विद्याथीहरुको संगठन, सांस्कृतिक र सामाजिक युवाहरुको संगठन र राजनीतिक प्रेरित क्लबहरु, साहित्यिक संस्थाहरु सामाजिक कार्य र सामाजिक सरोकारको निम्ति सडक संघर्षमा पनि देखिने गरिन्थे। पञ्चायतकालमा तत्कालीन निरंकुश शासन विरुद्धको संघर्ष मात्रै होइन, सामाजिक विषयहरुमा समेत नेविसंघ, अनेरास्ववियु र अखिल क्रान्तिकारी जस्ता छात्र संगठनहरु अगाडी देखिन्थे। हुनलाई यस्ता विद्यार्थी संगठनहरु अहिलेपनि छन्, सांस्कृतिक संगठनहरु पनि छन्, तर सामाजिक सरोकारसंग जोडिएको राजनीतिक र सामाजिक विषयमा यिनीहरुको भूमिका कतै देखिँदैन। अहिले यी छात्र संगठनहरु अधिकतम् आ आफ्ना राजनीतिक दलहरुको निम्ति चुनावी हतियार मात्रमा परिणत भएका छन्। राजनीतिक र सामाजिक हितको चेतनाले प्रेरित छात्र र सचेत युवाहरुको संगठनहरुको सक्रियताको कारण नै समाजमा धर्मनिरपेक्षता, लोकतन्त्र, समतामूलक समाज, सांस्कृतिक धार्मिक सहिष्णुता, लोकतान्त्रिक समाजवाद, समाजवाद र साम्यवाद जस्ता विषयहरु समाजमा जीवन्त विमर्शका विषय बन्ने गरेका थिए।

सचेतरुपमा सामाजिक युवा तथा सामाजिक संगठनहरुको भूमिका ओझेलमा पर्दै जानु तथा गैर सामाजिक (अर्थात निजी नाफा र स्वार्थसंग जोडिएको वर्ग)को वर्चस्वको कारण सामाजिक मनोविज्ञान र विमर्शका विषयहरु फेरिएका छन्। अब यो क्षेत्रपनि, जो कुनै बेला राज्यसत्ताको सामाजिक प्रतिरोधी र दबाब समूहको चरित्र बोकेको थियो, यस्को चरित्रपनि फेरिएको छ। यिनै गैरसामाजिक सामाजिक अगुआको काँध चढेर नवसाम्राज्यवाद, उपभोक्तावाद र समग्रमा फासीवादले सामाजिक संस्था मात्र होइन, सामाजिक सरोकार, धर्म, संस्कृति समेतको चरित्र फेरिदिएको छ।

म जनकपुरको रैथाने हुँ। जनकपुरका थुप्रै परिचयहरु छन्। तर यस्को सबैभन्दा बढी प्रसिद्ध परिचय वैदिक राजा जनकवंशको राजधानी र सीताको माइतीको मिथ नगरको हो। म आफ्नो बाल्यकालको जनकपुर सम्झन्छु। अनेक खाले विकृतिहरु त्यतिबेलापनि थिए, तर मन्दिरहरु शान्त र पवित्र मानिन्थे। एकखालको धार्मिक र सांस्कृतिक सहिष्णुता थियो। महन्थहरु त्यतिबेलापनि राजा र सरकारका उच्चाधिकारीहरुको चाकरीमा नै हुने गर्थे। राजशाहीले पनि सन्त महन्थहरुलाई सामाजिकरुपमा सम्मान गर्ने गर्थ्यो। राजनीतिकरुपमा तत्कालीन निरंकुश पञ्चायती राजतन्त्रसंग संघर्षको आफ्नै दिशा थियो। तर विविध धार्मिक र सांस्कृतिक महोत्सवहरु सबैका साझा उत्सव जस्ता थिए। विवाहपञ्चमी र रामनवमी जस्ता आयोजनहरुमा जानकीमन्दिर र साधु समाजको अग्रणी भूमिका हुने गर्थ्यो। छठ, दशैं जस्ता सांस्कृतिक उत्सवहरुमा तत्कालीन नगर पञ्चायत र वडा कमिटीहरु तथा युवा समुदायहरुको भूमिका हुने गर्थ्यो।

> धर्म र संस्कृति बारे विगतका सबै सहिष्णु र मानवीय तर्क र तथ्यहरु ओझेलमा पर्दैछन्। तर एकखालको बेखबरपना सबैतिर देखिन्छ। एउटै ध्याउन्न छ, जसरी भएपनि, धर्म गरेर भएपनि वा राजनीति गरेर भएपनि कसरी बढीभन्दा बढी धन कमाउने ! अफसोस त के छ भने आफ्ना गौरवशाली मानवीय इतिहासबाट बेखबर वर्तमानको युवा पुस्ता समेत यसै सामाजिक असहिष्णुताको हिस्सा बनिरहेको छ।

समय फेरिएको छ। अहिले एकातिर सामाजिक सरोकारका संगठनहरु हराएका छन्। अर्द्धधार्मिक राजनीतिक चरित्रका संगठनहरु समाजको सहयोगीभन्दापनि समाजमाथी दबाबमूलक जमातको रुपमा देखिन थालेको छ। विविध नामधारी युवा कमिटीहरु छठ र दशैंमा बाटो घाटो, पोखरी र सार्वजनिकस्थल साजसज्जा गर्ने नाममा अगाडी आएका छन्। यस नाममा विविध खाले सरकारी, गैरसरकारी आर्थिक स्रोत परिचालन गर्ने यस्ता युवा संगठनहरु धनाढ्य संगठनको रुपमा देखिन्छन्। आफूलाई सामाजिक संस्था भनेपनि महँगी, भ्रष्टाचार, शिक्षा-स्वास्थ्य आदि जनसरोकारका विषयहरुमा यिनको कुनै भूमिका देखिँदैन। बरु सरकारी अधिकारीहरुको स्वागत सम्मान तथा चुनावको बेला चल्तीका राजनीतिक दलहरुको नेताहरुको निम्ति मञ्च र कार्यक्रम गरेर सबैलाई रिझाउनु यिनीहरुको मूख्य काम जस्तो देखिन्छ।

यिनीभन्दा भिन्न केही दशकदेखी अर्द्धराजनीतिक धार्मिक चरित्रको राष्ट्रिय अन्तर्राष्ट्रिय सञ्जालसंग जोडिएको संगठनहरु प्रभावशालीरुपमा अगाडी आएको देखिन्छ। विश्व हिन्दु परिषदको नेपाल च्याप्टर होस वा बाबा रामदेवका योग शिविरहरु वा रामपाल, गुरुदेव, शिवगुरु, इस्कोन, सबै नेपालमा आआफ्नै शैलीमा सक्रिय देखिन्छन्। यस्ले जनकपुरको धर्म, संस्कृति र समाजको सम्बन्ध खजमजिएको देखिन्छ। कुनै बेला जनकपुरमा विवाहपञ्चमीमा जानकीमन्दिर र साधुसमाज तथा सरकारीपक्षको भूमिका अगाडी हुन्थ्यो। डोला निस्कँदा समेत सबैभन्दा अगाडी डोला, त्यसपछि साधुहरु, त्यसपछि दुनियाँ समाज हुने गर्थ्यो। अहिले त भूमिका नै फेरिएको छ। यस पटक त अयोध्या बरियाँतको निम्तो दिन जाने समूहको नेतृत्व नै विश्व हिन्दु परिषद, जनकपुर शाखाले गरेको छ। साधु समाज त जनकपुरमा विघटित भैसके जस्तो छ, स्वयं जानकीमन्दिरको भूमिका समेत गौण जस्तो देखिन्छ। यो परिवर्तन कति जब्बर छ भने मधेश प्रदेशको मूख्यमन्त्री समेत विहिपको नेतृत्वमा अयोध्या गए। यो आश्चर्यजनक र विडम्बनायुक्त पनि छ। कहाँ समग्र आयोजनको अभिभावकत्व लिएर जानकी मन्दिरलाई अगाडी सार्नु पर्ने, र कहाँ कूटनीतिक मर्यादा समेतलाई उपेक्षा गर्दै एउटा सामान्य संस्थाको नेतृत्वमा मूख्यमन्त्री विदेश जानु। यसका बहुआयामिक पक्ष बारे भिन्न र लामो समीक्षा गर्न सकिन्छ। यहाँ के मात्रै भन्न खोजिएको हो भने यसले धर्म र राजनीति तथा सामाजिक सम्बन्धहरुमा यी दुईको अस्वाभाविक घनिष्ठताले समस्त सामाजिक सरोकारहरुका विषयहरु नै परिवर्तित गरिदिएको छ।

यस्तै स्थिति अन्य धार्मिक र सांस्कृतिक समुदायमा पनि छ। त्यहाँपनि यस्तै खाले गञ्जागोल र गडबडझाला छ।

यसले समाज, धर्म र राजनीति सबैको चरित्र नै परिवर्तित गरि दिएको छ। समाजका यी नयाँ अगुआ संगठनहरुले समाजमा एकखालका सांस्कृतिक असहिष्णुता, आशंका र अपरिचयपना छरिरहेका छन्। धर्म र संस्कृति बारे विगतका सबै सहिष्णु र मानवीय तर्क र तथ्यहरु ओझेलमा पर्दैछन्। तर एकखालको बेखबरपना सबैतिर देखिन्छ। एउटै ध्याउन्न छ, जसरी भएपनि, धर्म गरेर भएपनि वा राजनीति गरेर भएपनि कसरी बढीभन्दा बढी धन कमाउने ! अफसोस त के छ भने आफ्ना गौरवशाली मानवीय इतिहासबाट बेखबर वर्तमानको युवा पुस्ता समेत यसै सामाजिक असहिष्णुताको हिस्सा बनिरहेको छ।

तर समाजलाई सामाजिक सरोकारसंग जोडने हो भने, अग्रगामी दिशामा लग्ने हो भने युवा र सचेत पुस्ता जिम्मेवार भएर अगाडी आउनु पर्छ, र सांस्कृतिक होस वा राजनीतिक वा प्रशासनिक, सबै बेथितिप्रति प्रश्न गर्न सक्नु पर्छ। अर्को अर्थमा सामाजिक सरोकारका विषयहरु धार्मिक होइन, सामाजिक र मानवीय हुनुपर्छ। त्यो भने शिक्षा, स्वास्थ्य, जस्ता मानिसको जीवनसंग सम्बन्धित विषयहरु हुन्। नयाँ सामाजिक संगठनहरु यस्तै मानवीय र सामाजिक सरोकारमा गठित हुनुपर्छ, र धर्म र संस्कृतिलाई मानिसको निजी आस्था र सम्बन्धको विषय बन्न दिनुपर्छ। अनिमात्रै वर्तमानको सामाजिक विघटन रोक्न सकिन्छ र मानवीय समाजको निर्माण गर्न सकिन्छ। चेतना होस !

# वाणिज्य क्षेत्रका समस्या र सरकारको पहल



आनन्द भट्ट

नेपालको वाणिज्य क्षेत्रले बहुआयामिक चुनौतीको सामना गरिरहेको छ। उत्पादन, निर्यात र व्यापार सहजीकरणमा देखिएका समस्याहरूले व्यापार वातावरणलाई प्रभावित पारिरहेका छन्। कर नीति, भूमि व्यवस्थापन, व्यापार पूर्वाधारको अभाव र व्यापार साझेदार मुलुकहरूसँगको समन्वयमा देखिएको कमजोरी मुख्य चुनौतीका रूपमा देखिएका छन्।

नेपालको भन्सार तथा कर नीतिले उत्पादन र निर्यातलाई प्रोत्साहन गर्नुपर्ने देखिएको छ। कच्चापदार्थमा बढी भन्सार शुल्कले उत्पादन लागत वृद्धि गरेको छभने तयारी वस्तुको प्रतिस्पर्धात्मकता कमजोर भएको छ। भूमि व्यवस्थापनका समस्याले कृषि उत्पादन लागत बढाउनाका साथै औद्योगिक विकासका लागि आवश्यक जग्गा उपलब्ध गराउन कठिनाइ गरेको छ। जग्गाको खण्डीकरणको कारण कृषि उत्पादन लागत बढी हुनु, औद्योगिक विकासका लागि जग्गा प्राप्तिमा कठिनाइ (मूल्य र प्रक्रिया) हुनु र जग्गा वर्गीकरणको प्रावधानको प्रभावकारी कार्यान्वयन नहुनु जस्ता समस्या यथावत् छन्।

यस्तै, व्यापारजन्य पूर्वाधार (सडक, गोदाम, प्रयोगशाला, सङ्कलन केन्द्र) को अभाव, अत्यधिक खर्च र उत्पादित वस्तुको गुणस्तर परीक्षण गर्ने मान्यता प्राप्त प्रयोगशालाको कमीले समस्या थपिएको छ। गन्तव्य मुलुकहरूले लागू गरेका गुणस्तर र स्वास्थ्य मापदण्ड पूरा गर्न नसक्दा नेपाली वस्तु निर्यात प्रभावित भएको छ। साथै, नेपाललाई उपलब्ध अतिकम विकसित राष्ट्रको व्यापार सहुलियतको अधिकतम उपयोग र आगामी विकासशील राष्ट्रमा स्तरोन्नतिपछि व्यापार क्षेत्रमा पर्न सक्ने असर न्यूनीकरण गर्न पर्याप्त तयारी नभएको अवस्था छ।

उत्पादनलाई सहयोग पुग्नेगरी अनुदान व्यवस्थापन गर्न नसकिनु अर्को समस्या हो। अनुदानका लागि सरकारले निकै कम बजेट विनियोजन गर्ने गरेको छ। त्यस्तै, मौद्रिक नीतिले औद्योगिक विकास र निर्यात प्रवर्द्धनलाई पर्याप्त मात्रामा प्राथमिकता दिन सकेको छैन। औद्योगिक विकास र निर्यात प्रवर्द्धनको विषय प्रदेश र स्थानीय तहको नीतिगत प्राथमिकतामा पर्न सकेको छैन। प्रमुख निर्यातजन्य वस्तुको उत्पादन र निर्यात प्रवर्द्धनमा सम्बन्धित निकायहरूबाट पर्याप्त मात्रामा समन्वय र सहयोग भएको देखिँदैन। उदाहरणका लागि, हाम्रो वनसम्बन्धी कानुन निकै संरक्षणमुखी रहेको भनेर आलोचना हुने गरेको छ।

साधारण खर्च अत्यधिक हुनु, नेपाली उत्पादन प्रतिस्पर्धी हुन नसक्नु, निर्यातजन्य वस्तुहरूको संख्या र उत्पादन परिमाण सीमित हुनु, उत्पादित वस्तुको गुणस्तर परीक्षण गर्ने मान्यता प्राप्त प्रयोगशालाको कमी हुनुजस्ता अनेक समस्या नेपालको वाणिज्य क्षेत्रले भोगिरहेको छ। 'प्याकेजिङ, लेबलिङ, ब्रान्डिङ' पक्ष कमजोर भई अन्तर्राष्ट्रिय बजारमा बजारीकरण गर्न नसक्नु पनि अर्को समस्या रहेको छ।

विदेशस्थित नेपाली नियोगहरूलाई निर्यात प्रवर्द्धन र वैदेशिक लगानी आकर्षणमा प्रभावकारी रूपमा परिचालन गर्न नसकिनु, निर्यात सम्भाव्य बजारको पर्याप्त सूचना सङ्कलन र विश्लेषण कमजोर हुनु, व्यापारजन्य बौद्धिक सम्पत्तिको (ट्रेड मार्क)को उचित संरक्षण नहुनुलगायतका विषयहरु पनि पेचिलो रुपमा देखिएका छन्।

अत्यावश्यक वस्तु तथा सेवाको उत्पादन, उपभोग, आयात र मौज्दातको यथार्थपरक तथ्याङ्कको कमी छ। कृषिजन्य तथा अन्य उपभोग्य वस्तुको उत्पादन र उत्पादकत्व वृद्धि हुन सकेको छैन। स्थानीयस्तरमा उत्पादन भएका वस्तुको सहज बजार पहुँच तथा बिक्री सुनिश्चितता गर्न सकिएको छैन। उदाहरणका लागि तरकारी, दूध, फलफूललगायतका छिट्टै बिग्रने वस्तु बिक्री नभएर नष्ट गर्नु परेको समाचारहरु आउने गरेका छन्।

आन्तरिक आपूर्ति शृंखला पारदर्शी र पूर्वानुमानयोग्य छैन। उत्पादक र उपभोक्ताबीच अनावश्यक रुपमा बिचौलिया हाबी हुँदा उत्पादकले कम मूल्यमा बिक्री गर्नुपर्ने र उपभोक्ताले उच्च मूल्यमा खरिद गर्नुपर्ने अवस्था छ। स्थानीय स्तरमा सङ्कलन तथा भण्डारण गृह र शीतभण्डारको उचित व्यवस्थापन गर्न सकिएको छैन। व्यापार साझेदार मुलुकका अत्यावश्यक वस्तुको निर्यात नीतिमा हुने परिवर्तनले पनि नेपालको वैदेशिक व्यापारलाई प्रभावित तुल्याउने गरेको छ। नेपालको व्यापार साझेदार मुलुकले निर्यात रोक्दा आपूर्ति असहज हुने र अनुदान दिँदा स्वदेशी उत्पादन निरुत्साहित हुने गरेको देखिन्छ।

विश्वका ठूला अर्थतन्त्रबीच हुने व्यापार द्वन्द्व, विभिन्न भूभागमा जारी युद्ध जस्ता कारणले आयातीत वस्तुको अभाव र मूल्य वृद्धि हुने गरेको छ। विकसित र विकाशोन्मूख मुलुकले नेपालजस्ता अतिकम विकसित मुलुकलाई उपलब्ध गराएका सहुलियतको उपयोग गर्न सकिएको छैन। यी अनेक समस्याका बाबजुद केही समाधानका प्रयासहरु पनि भइरहेका छन्। समग्र नतिजा देखिन केही समय भने लाग्नेछ।

**समस्या समाधानका लागि भएका प्रयास**

वाणिज्य क्षेत्रलाई व्यवस्थित बनाउन सरकारले विभिन्न पहलहरू अघि सारेको छ। अमेरिकासँग व्यापार तथा लगानी सम्झौता परिषद्‌को सातौँ बैठक काठमाडौँमा आयोजना भई नेपाललाई हाल प्राप्त भइरहेको व्यापार सहुलियत विस्तार एवम् निन्तरताका लागि पहल भएको छ। वाणिज्य नीति, २०८१ स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेस भई स्वीकृतिको प्रक्रियामा रहेको छ। विश्व व्यापार सङ्गठनबाट गरिने नेपालको तेस्रो व्यापार नीति पुनरावलोकनको पूर्वतयारीको लागि सरोकारवाला सम्पूर्ण निकायहरुको उपस्थितिमा विश्व व्यापार सङ्गठनबाट आएको मिसनसँग बृहत छलफल तथा अन्तरक्रिया सम्पन्न भएको छ। पुरानो निकासी पैठारी ऐनलाई प्रतिस्थापन गरी नयाँ ऐन बनाउन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले विधेयक मन्त्रिपरिषद्मा पेस गरेको छ। निर्यातमा नगद अनुदान प्रदान गर्ने कार्यविधि स्वीकृत गर्न मन्त्रिपरिषद्मा पेस भएको छ। विद्युतीय व्यापारसम्बन्धी विधेयक राष्ट्रियसभाबाट पास भई प्रतिनिधिसभामा विचाराधीन छ।

नेपाल-भारत वाणिज्य सचिवस्तरीय अन्तरसरकारी समितिको बैठक आयोजना गर्न आवश्यक तयारी भइरहेको छ। नेपाल-चीनबीचको तिब्बत सरकारको सचिवस्तरीय द्विपक्षीय सीमानाका सहयोगसम्बन्धी बैठक यही मङ्सिर १३ गते काठमाडौँमा बस्दैछ भने अष्ट्रेलियासँग व्यापार तथा लगानी समितिको बैठक आयोजना गर्ने तयारी पनि भइरहेको छ।

दोधारा चाँदनीमा एकीकृत जाँच चौकी निर्माणका लागि सम्झौता गरी निर्माण कार्य शुरु गर्ने तयारी भइरहेको छ। यसबाट पश्चिम क्षेत्रबाट हुने अन्तर्राष्ट्रिय व्यापारमा सहजीकरण हुने अपेक्षा गरिएको छ। कोरला नाकामा सुक्खा बन्दरगाह निर्माणको लागि चिनीयाँ पक्षबाट डिपिआर तयार गरी निर्माण कार्यमा आर्थिक सहयोग उपलब्ध गराइदिन पहल भइरहेको छ। नेपाल व्यापार एकीकृत रणनीति, २०८० को कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँट गरी सम्बन्धित निकायमा अख्तियारी पठाइएको छ। राष्ट्रिय व्यापार सहजीकरण समितिको बैठक आयोजना भई व्यापारसम्बन्धी देखिएका समस्या समाधान गर्ने पहल भइरहेको छ। यसो गर्नसके समग्र व्यापार सहजीकरण भई नेपालको वस्तु अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बन्न सहयोग पुग्नेछ।

त्यस्तै, विदेशस्थित नेपाली नियोगहरूसँग व्यापार तथा लगानीका सम्बन्धमा भर्चुअल माध्यमद्वारा नियमित छलफल कार्यक्रम आयोजना हुन लागेको छ। यसले बजार पहुँच, निर्यात प्रवर्द्धन र वैदेशिक लगानी वृद्धि हुने अपेक्षा छ। त्यस्तै, गैरआवासीय नेपालीसँग नेपालको निर्यात प्रवर्द्धन र नेपालमा लगानी भित्र्याउने सम्बन्धमा भर्चुअल माध्यमद्वारा छलफल कार्यक्रम आयोजना हुन लागेको छ। व्यापार घाटा न्यूनीकरण सम्बन्धी राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गर्न सरोकारवाला निकायहरुसँग समन्वय भइरहेको छ।

**आगामी कार्यदिशा**

नेपालले व्यापार क्षेत्रमा देखिएका समस्या समाधानका लागि द्विपक्षीय संयन्त्रको क्रियाशीलतामा जोड दिएको छ। प्रमुख निर्यात गन्तव्य मुलुकहरूसँग द्विपक्षीय सम्झौतालाई पुनरावलोकन गरी नेपालको हितमा बनाउने तयारी र गृहकार्य गरिनेछ। बहुपक्षीय व्यापार प्रणालीको अधिकतम् उपयोग गर्न विश्व व्यापार सङ्गठनसँग वार्ता तथा पैरवी गरिनेछ। व्यापार पूर्वाधार विकासका लागि सुक्खा बन्दरगाह, गोदाम र पार्किङ क्षेत्र निर्माण योजनामा छ। यस्तै, व्यापार प्रवर्द्धनका लागि डिजिटल प्रणालीलाई प्रवर्द्धन गरिने, विदेशी बजारका मापदण्डहरू अध्ययन गरी अनुकूल उत्पादन बढाइने र निर्यात क्षमता अभिवृद्धि गर्न निजी क्षेत्रलाई तालिम प्रदान गरिनेछ।

नेपाल-भारत व्यापार सन्धि पुनरावलोकनका लागि चौथो चरणको वार्ता गरी अन्तिम रूप दिने र पारवहन सन्धि पुनरावलोकनका लागि प्रस्तावित 'लेटर अफ एक्सचेञ्ज' लाई अन्तिम रूप दिने तयारी भइरहेको छ। नेपालको दोस्रो ठूलो वैदेशिक व्यापार गर्ने मुलुक चीनसँगको व्यापार तथा भुक्तानी सम्झौता पुनरावलोकन प्रक्रियामा रहेको छ। त्यस्तै, नेपाल चीन सीमा व्यापार समन्वय संयन्त्रको सचिवस्तरीय बैठक र नेपाल चीनको तिब्बत व्यापार सहजीकरण समितिको बैठक चाँडै बस्नेगरी तयारी थालिएको छ।

दक्षिण कोरियासँग व्यापार तथा लगानीसम्बन्धी खाका समझदारीपत्रमा हस्ताक्षर गर्ने र भियतनामसँग व्यापार तथा लगानी सम्झौता गर्ने तयारी पनि सरकारको छ। नेपाल-बङ्गलादेश बीचका द्विपक्षीय व्यापार संयन्त्रको नियमित बैठक गर्ने प्रयास भइरहेको छ। बङ्गलादेशसँग सौविध्यपूर्ण व्यापार सम्झौताका लागि र भूटानसँग व्यापार सम्झौताको वार्ता गर्ने तयारी छ।

विभिन्न क्षेत्रीय तथा उपक्षेत्रीय संयन्त्रमा सहभागिता जनाउने विषय पनि सरकारको उत्तिकै प्राथमिकतामा छ। साफ्टाअन्तर्गतका संयन्त्रको बैठक आयोजना गर्ने तथा सहभागी हुने, बिमस्टेक व्यापार सम्झौतासम्बन्धी वार्तामा सहभागी हुने, जिएसपी प्लस सुविधा सम्बन्धमा युरोपियन युनियनसँग वार्ता गर्ने, बिबिआइएनअन्तर्गतका संयन्त्रको बैठकमा सहभागी हुनेलगायतका योजना सरकारले अघि सारेको छ।

बहुपक्षीय व्यापार प्रणालीको महत्तम उपयोगमा जोड दिइएको छ। विश्व व्यापार सङ्गठनमा वार्ताका क्रममा रहेका सम्झौताहरुमा नेपालको हित हुने गरी वार्ता तथा पैरवी गर्ने, विकासशील राष्ट्रमा स्तरोन्नतिपश्चात् समेत अतिकम विकसित राष्ट्रको रुपमा हाल प्राप्त व्यापारजन्य सहुलियत एवम् सुविधाहरु निरन्तरताका लागि पहल गर्ने, प्रतिव्यक्ति आयको प्रावधान पूरा नभई स्तरोन्नति हुने एकमात्र मुलुक रहेको तथा सन् १९९० को मूल्यमा हालसम्म पनि नेपालको प्रतिव्यक्ति आय अमेरिकी डलर एक हजारभन्दा कम रहेकाले विश्व व्यापार सङ्गठनअन्तर्गतको 'एग्रिमेन्ट अन सब्सिडी एन्ड काउन्टरभेलिङ मेजर्स'को अनुसूची ७ मा निर्यात अनुदान सुविधा दिन पाउने राष्ट्रका रुपमा नेपाललाई समेत सूचीबद्ध गर्न पहल गर्नेलगायतका काम गर्नुपर्नेछ।

व्यापार पूर्वाधार विकासतर्फ व्यापार गुरूयोजना तयार गर्ने, भैरहवा एकीकृत जाँच चौकीको र रसुवा सुक्खा बन्दरगाहको निर्माण सम्पन्न गर्ने, दोधारा चाँदनीमा सुक्खा बन्दरगाह निर्माण थाल्ने, कोरला नाकामा सुक्खा बन्दरगाह निर्माणको डिपिआर तयार गरी निर्माण कार्य सुरु गर्नेलगायत योजना सरकारका छन्। त्यस्तै, वीरगञ्ज एकीकृत जाँच चौकीमा पार्किङ र गोदाम तथा वीरगञ्ज आइसिडीमा कन्टेनर यार्ड निर्माण गर्ने तयारी छ। विराटनगर एकीकृत जाँच चौकीमा सडक, गोदाम र पार्किङ यार्ड निर्माण गर्नुपर्नेछ।

निर्यात प्रवर्द्धनका लागि नेपाल विकासशील राष्ट्रमा स्तरोन्नति भएपश्चात् व्यापारमा पर्ने असर न्यूनीकरणका लागि रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्नेछ। विश्व व्यापार सङ्गठनमा हुने व्यापार नीति पुनरावलोकनका लागि नेसनल कन्ट्री रिपोर्टको मस्यौदा तयार पार्न नेपाल व्यापार एकीकृत रणनीतिले पहिचान गरेका वस्तुको मूल्य अभिवृद्धि गरी निर्यात प्रतिस्पर्धी बनाउने, नेपाली वस्तुको निर्यात प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्ने, केही प्रमुख मुलुकका गैरआवासीय नेपाली सम्बन्धित संस्थासँग निर्यात प्रवर्द्धन तथा प्रत्यक्ष वैदेशिक लगानी सम्बन्धमा भर्चुअल माध्यमद्वारा अन्तरक्रिया गर्नेलगायत काम सरकारले गर्नुपर्नेछ।

बहुविधिक ढुवानी ऐन र नियमावली संशोधनका लागि मस्यौदा तयार गरी मन्त्रिपरिषदमा पेस गर्नुपर्नेछ। नेपाल इन्टरमोडल यातायात विकास समिति, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र र नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडको संस्थागत संरचना, कार्यक्षेत्र तथा सङ्गठन तथा व्यवस्थापन पुनरावलोकन आवश्यक छ। नियमावली तथा कार्यविधिमार्फत व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको संस्थागत सुदृढीकरण गर्ने, व्यापार सूचना र अन्तर्राष्ट्रिय बजार तथा गन्तव्य बजारका शर्तको विश्लेषण गरी व्यापार इन्टेलिजेन्सको प्रभावकारिता बढाउनुपर्नेछ।

वस्तु तथा सेवाको विकास र मूल्य अभिवृद्धि गर्ने, विद्युतीय प्रणालीमार्फत व्यापार सहजीकरणलाई स्वचालित बनाउने, व्यापार तथा निकासी प्रवर्द्धन सम्बद्ध पूर्वाधारमा लगानी बढाउनेलगायत कार्यमा तिव्रता दिनुपर्नेछ। निर्यात सहयोगी वित्त लगानी प्रवर्द्धन गर्ने, व्यापार क्षमता अभिवृद्धि गर्न निजी क्षेत्रलाई तालिम उपलब्ध गराउनेजस्ता कार्यमा पनि जोड दिन आवश्यक छ।

नेपालमा आयात हुने तथा नेपालबाट निर्यात हुने विशिष्ट र संवेदनशील वस्तुको आयात-निर्यात व्यवस्थापन र नियमनका लागि लिनुपर्ने रणनीति पहिचान गर्न विस्तृत अध्ययन गर्ने योजना छ। साफ्टा कार्यान्वयनबाट नेपालको अर्थतन्त्रमा परेको प्रभाव अध्ययन गर्ने, भारतीय आन्तरिक जलमार्ग प्रयोगको सम्भावना पहिचान गर्न भारतीय सरोकारवाला अपरेटरसँग छलफल गर्ने, कोलकातादेखि नेपालसम्म ट्रक ढुवानी सेवा सञ्चालनको व्यापारिक ढाँचा तयार गर्नेलगायतका विषय पनि उत्तिकै प्राथमिकतामा छन्।

# ‘स्मार्ट सिटी हुनका लागि हिंसारहित समाज हुनु अनिवार्य छ’




पाटन । ललितपुर महानगरपालिका प्रमुख चिरीबाबु महर्जनले ‘स्मार्ट सिटी’ हुनका लागि हिंसारहित समाज अनिवार्य रहेको बताउनुभएको छ ।

ललितपुर महानगरपालिकाद्वारा सोमबार आयोजित अन्तर्राष्ट्रिय लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान शुभारम्भ समारोहमा उहाँले सभ्य, सुसंस्कृत र आधुनिक समाजका लागि हिंसामुक्त हुनुपर्नेमा जोड दिनुभयो । “जिम्मेवार पदमा बसेकाले मात्रै हिंसा न्यूनीकरणमा काम गर्न सक्ने हैन, सबै मिलेर लाग्नुपर्छ । अब हिंसाका तथ्याङ्क र घटना कम गर्न आवश्यक छ”, महानगर प्रमुख महर्जनले भन्नुभयो । उहाँले हिंसारहित समाजका लागि जोड दिँदै ललितपुरको विकास र समृद्धिका लागि ‘पाटन सिटी डज नट स्लिप’ योजना अगाडि बढाइने बताउनुभयो ।

महानगर उपप्रमुख मञ्जली शाक्यले हिंसा सहनु र सहने प्रवृत्तिको पक्षपोषण गर्नु सामन्ती प्रथाको पक्षपोषण गर्नु भएकाले सबै सचेत भएर हिंसा न्यूनीकरणमा लाग्नुपर्छ भन्नुभयो । ललितपुरका प्रमुख जिल्ला अधिकारी रमेश ढकालले तीन सय ६५ दिन नै महिला हिंसाविरुद्धमा लाग्नुपर्ने बताउनुभयो। उहाँले हिंसाका घटना भएपछि उपचारको बाटो रोज्नु भन्दा हिंसा हुन नदिन सचेतता फैलाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

ललितपुरका प्रहरी प्रमुख वरिष्ठ प्रहरी उपरीक्षक शेखर खनालले लैङ्गिक हिंसाविरुद्ध १६ दिने अभियान साङ्केतिक कार्यक्रम मात्रै भएको र हरेक दिन हिंसाविरुद्ध तदारुकताका साथ लाग्नुपर्नेमा जोड दिनुभयो । “जिल्ला प्रहरीमा महिला हिंसाविरुद्ध छुट्टै सेल स्थापना भएको छ । महिला, बालबालिका र ज्येष्ठ नागरिकलाइ विशेष प्राथमिकता दिएर उजुरी लिने र समाधान गर्ने गरेका छौँ”, उहाँले भन्नुभयो ।

महिला विकास शाखा प्रमुख शोभा खरेलले नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म सञ्चालन हुने यो अभियानलाई प्रभावकारी बनाउन आवश्यक सहयोगका लागि सबैलाई आग्रह गर्नुभयो ।रासस

# रोग लाग्नै नदिन सचेत हुनुहोस्: उपप्रधानमन्त्री सिंह

**मध्यपुरथिमि नगरपालिकाले सञ्चालन गरेको नेपाल-कोरियामैत्री नगरपालिका अस्पतालको दक्षिण कोरिया सरकारको सहयोगमा निर्माण हुन लागिरहेको दोस्रो चरणको सुविधा सम्पन्न आधुनिक भवनको सोमबार शिलान्यास गर्दै उहाँले आफ्नो स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखेर समय दिनुपर्ने उल्लेख गर्दै रोग लाग्नु अगाडि नै समयसमयमा ल्याब परीक्षण गरेर स्वास्थ्यका बारेमा चासो दिनुपर्ने बताउनुभयो ।**



भक्तपुर । उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले रोग लाग्नुभन्दा रोग लाग्नै नदिन सचेत हुनुपर्ने बताउनुभएको छ ।

मध्यपुरथिमि नगरपालिकाले सञ्चालन गरेको नेपाल-कोरियामैत्री नगरपालिका अस्पतालको दक्षिण कोरिया सरकारको सहयोगमा निर्माण हुन लागिरहेको दोस्रो चरणको सुविधा सम्पन्न आधुनिक भवनको सोमबार शिलान्यास गर्दै उहाँले आफ्नो स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखेर समय दिनुपर्ने उल्लेख गर्दै रोग लाग्नु अगाडि नै समयसमयमा ल्याब परीक्षण गरेर स्वास्थ्यका बारेमा चासो दिनुपर्ने बताउनुभयो ।

उपप्रधानमन्त्री सिंहले भन्नुभयो, “स्वास्थ्य भन्ने कुरा आफू वा आफ्नो परिवारमा कोही बिरामी नपरी नबुझिने रैछ, आफैँ बिरामी भएपछि मात्रै भोग्नुपर्ने समस्याका बारेमा राम्रैसँग थाहा हुँदोरैछ, परिवारमा कोही बिरामी परेपछि कति पीडा, चिन्ता र समस्या हुन्छ भन्ने बुझिँदो रैछ, त्यसैले रोग लाग्नु अगाडि नै सचेत हुनुपर्ने रहेछ ।” उहाँले नेपाल र कोरियाबीचको सम्बन्ध राम्रो रहेको जनाउँदै यो अस्पतालले अझै भूमिका खेलेकाले अस्पतालले दिने सेवा गुणस्तरीय र सुलभ हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा प्रतिनिधिसभाका सदस्य एवं नेपाली कांग्रेसका सभापति दुर्लभ थापाले नेपालकै पहिलो नगर अस्पतालका रुपमा स्थापना भएको यस अस्पतालले भक्तपुरको मात्रै नभई देशभरकै बिरामीको उपचार गर्नसक्ने गरि विकास गर्दै लैजानुपर्ने बताउनुभयो । उहाँले उत्कृष्ट अस्पताल बनाउन मेडिकल टोलीदेखि सबै कर्मचारीले सेवालाई चुस्त राख्नुपर्ने जनाउँदै उहाँले नर्सिङ कलेज सञ्चालन गरेर शैक्षिक क्षेत्रमा पनि अस्पताल अगाडि बढ्नुपर्ने बताउनुभयो ।

नेपालका लागि दक्षिण कोरियाका राजदूत ताइयोङ्ग पार्कले कोरिया सरकारले नेपालको स्वास्थ्य क्षेत्रमा यसअघि पनि सहयोग पुर्याउँदै आएको स्मरण गर्दै यो अस्पतालको स्थापनाकालदेखि हालसम्म कोरियाको सहयोग निरन्तर रहेको बताउनुभयो । उहाँले भन्नुभयो, “यस अस्पतालको सुरुदेखि हालसम्म दक्षिण कोरियाले सहयोग गर्दै आएको छ, अहिले पनि भवन निर्माणका लागि नौ दशमलव पाँच मिलियन अमेरिकी डलर कोरिया सरकारले सहयोग गरेको छ, कोरिया सरकारले यस अस्पतालका लागि आफ्नै खर्चमा विशेषज्ञ चिकित्सक सहयोग गरेको छ, अस्पतालले यहाँ आउने बिरामीले मेडिकल सेवा गुणस्तरीय रुपमा पाउनेछन् भन्ने विश्वास लिएका छौँ ।”कोरिया र नेपालबीचको सम्बन्ध निकै राम्रो रहँदै आएको चर्चा गर्दै उहाँले आगामी दिनमा पनि दुई देशबीच सहयोग आदानप्रदान हुने बताउनुभयो ।

कार्यक्रममा कोरियाका डेपुटी कन्ट्री डाइरेक्टर ई युन सङ्गले समयमै अस्पताल भवन निर्माण सम्पन्न गरेर सवा विस्तार गर्नुपर्ने उल्लेख गर्दै कोरियाले यसअघि जस्तै अस्पताललाई सहयोग जारी राख्ने बताउनुभयो ।नगरपालिकाका उपप्रमुख विजयकृष्ण श्रेष्ठले अस्पताललाई दक्षिण कोरियाले पुर्याउँदै आएको सहयोग दुई देशबीचको मित्रताको प्रतीक भएको जनाउँदै दीर्घकालीन रुपमा दुई देश एवं अस्पताल बीचको सम्बन्ध निरन्तर सहयोगात्मक र मित्रवत् रहने बताउनुभयो ।

नगर प्रमुख एवं कार्यक्रमका सभापति सुरेन्द्र श्रेष्ठले कोरिया सरकारको करिब रु एक अर्ब २८ करोड बराबरको सहयोगमा निर्माण हुन लागिरहेको दोस्रो चरणको सुविधा सम्पन्न भवनले नगरवासीलगायत आसपासका जिल्लावासीलाई समेत अझ गुणस्तरीय र प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गर्न सहज हुने अपेक्षा लिएको बताउनुभयो ।

उहाँले यस अस्पतालबाट विगतका वर्षमा वार्षिक एक लाख सेवाग्राहीलाई सेवा प्रवाह गर्दै आइरहेकामा गत वर्ष झन्डै दोब्बर अर्थात् एक लाख ९२ हजार बिरामीलाई सेवा प्रवाह गर्र्दै नेपाल सरकारको सेकेन्डरी बी अस्पतालका रुपमा स्तरोन्नति गर्न न्यूनतम स्वास्थ्य सेवा मापदण्ड पूरा गरिएको बताउनुभयो ।

विभिन्न सेवा सञ्चालन गर्दै आइरहेको अस्पतालले बाहिरका नगरपालिकाका अस्पताल एवं जिल्लामा समेत सेवा प्रवाह, घुम्ती सेवा सञ्चालन गरेको जनाउँदै आगामी दिनमा घरदैलो स्वास्थ्य सेवा, सम्पूर्ण नगरवासीलाई निःशुल्क स्वास्थ्य बीमा, मानव अङ्ग प्रत्यारोपण सेवा, क्याथ ल्याब, एमआरआई सेवा, नर्सिङ कलेज, पारामेडिक्स कोर्स सञ्चालन गर्ने योजना बनाएको नगर प्रमुख श्रेष्ठले बताउनभयो ।

कार्यक्रममा अस्पतालका कार्यकारी निर्देशक डा डिके रौशनले अस्पतालले हाल दिँदै आएको सेवा र आगामी दिनमा विस्तार गर्ने सेवाका बारेमा जानकारी दिनुभयो । नयाँ भवन आगामी दुई वर्षमा सम्पन्न हुने र सेवा विस्तारमा सहज हुने उहाँले बताउनुभयो ।रासस

## चिसोबाट बचाउने पूर्वतयारी गर्न एमाले विपद् व्यवस्थापन विभागको प्रधानमन्त्रीलाई आग्रह

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीलाई नेपाल कम्युनिष्ट पार्टी (एमाले) को केन्द्रीय विपद् व्यवस्थापन तथा स्वयंसेवा विभागले तराई मधेश र देशका अन्य भेगका नागरिकलाई चिसो मौसममा ठण्डीबाट बचाउने पूर्वतयारी गर्न आज ध्यानाकर्षणपत्र बुझाएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा विभागका प्रमुख खिमलाल भट्टराईसहितको टोलीले जाडोको समयमा न्यानो कपडा र दाउराको अभावमा देशभरका नागरिकलाई बढी पीडा दिने गरेको सन्दर्भमा पूर्वतयारी गर्न प्रधानमन्त्री ओलीसमक्ष गरेको हो ।

ध्यानाकर्षणपत्रमा गत असोज ११ र १२ गते गएको अविरल वर्षाका कारण काठमाडौं उपत्यकाका साथै सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, रामेछाप, दोलखा, सिन्धुलीलगायत जिल्लामा धेरै बस्ती डुबान र पहिरोमा परेकाले प्राकृतिक प्रकोपबाट उठीबास भएकाहरुलाई जाडो समयमा थप सुरक्षा प्रबन्ध गर्न राज्यका सम्बन्धित निकाय तथा संस्थाहरु लाग्नुपर्ने ध्यानाकर्षणपत्रमा उल्लेख छ ।

प्रधानमन्त्री ओलीले उक्त ध्यानाकर्षणपत्रलाई गृह मन्त्रालयमार्फत सम्बन्धित निकायमा सम्बोधनका लागि तत्काल पठाइने उल्लेख गर्दै विपद्को पूर्वतयारी र विपद्पछिको खोज, उद्धारमा लाग्नुपर्नेमा जोड दिनुभयो ।रासस

# चीन भ्रमणमा ऋणसम्बन्धी कुनै सम्झौता हुँदैन : प्रधानमन्त्री



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले यही मङ्सिर १७ गतेदेखि हुने आफ्नो यस पटकको औपचारिक चीन भ्रमणका क्रममा ऋणसम्बन्धी कुनै सम्झौता नहुने बताउनुभएको छ ।

आसन्न चीन भ्रमणका सम्बन्धमा सोमबार पूर्वप्रधानमन्त्रीहरु र पूर्वपरराष्ट्रमन्त्रीहरुसँगको छलफलमा प्रधानमन्त्री ओलीले ‘बेल्ट एण्ड रोड इनिसिएटिभ’ (बिआरआई) ऋणको परियोजना नभएको उल्लेख गर्दै चीनसँग ऋण लिने र नलिने भन्ने अहिले विवादको विषय नभएको स्पष्ट गर्नुभयो ।

“हामीलाई आवश्यक भएमा जुनसुकै मुलुक र निकायबाट राष्ट्रिय स्वार्थका आधारमा ऋण वा अनुदान लिन सक्छौँ । ऋणको पासोमा पार्न ऋण लिइँदैछ भनेर गरिने अनावश्यक हल्लामा हामी लाग्नु हुँदैन । चीनसँग हाम्रो लामो र मित्रवत् सम्बन्ध छ । दुई देशको मित्रतालाई थप बहुआयामिक बनाउन यो भ्रमण गर्न लागिएको हो”, प्रधानमन्त्री ओलीले भन्नुभयो, “हामी पहिला जुन मुलुकको भ्रमणमा गए पनि देशको सार्वभौमिकता, स्वाधीनता र स्वतन्त्रता अन्तर ाष्ट्रिय हितसहितको राष्ट्रहितलाई सर्वोपरि प्राथमिकतामा राख्छौँ । त्यसकारण यो भ्रमण सफल हुन्छ । सरकारमा रहेका नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) का बीचमा भ्रमणका विषयमा विवाद छ भनेर भ्रम फिजाउनुको कुनै अर्थ छैन । विश्व शान्ति र नेपालको हितमा बाहेक हामी अरू कुनै काम गर्दैनौँ । यसमा ढुक्क हुन आग्रह गर्दछु ।”

प्रधानमन्त्री ओलीले चीन भ्रमणमा विशेषगरी विगतमा भएका सहमति र सम्झौताको प्रभावकारी कार्यान्वयनका साथै प्रसारण लाइन विस्तार, नेपालको उत्पादन चीनमा निर्यात र अन्य सहयोगका विषयमा छलफल हुनेगरी तयारी भएको जानकारी दिनुभयो । उहाँले अर्को छिमेकी भारतसँग पनि उस्तै मित्रवत् सम्बन्ध रहेको स्पष्ट गर्दै दुई देशको मैत्री सम्बन्धको लाभ नेपालको आर्थिक विकासमा हुनेगरी लिन सक्नुपर्नेमा जोड दिनुभयो ।

नेपालका कार्यकारी प्रमुखको औपचारिक भ्रमण पहिला कुन मुलुकबाट गर्ने भन्ने यहाँको आवश्यकता र निर्णयका आधारमा हुने भएकाले यस्ता विषयलाई कुनै देशविरुद्ध ‘ कार्ड’ का रुपमा कसैले लिन नहुने प्रधानमन्त्री ओलीले आग्रह गर्नुभयो ।

छलफलमा पूर्वप्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल ‘ प्रचण्ड’ले आफूले विगतमा पहिला चीन भ्रमण गरेर परम्परा तोडेको उल्लेख गर्दै आफूले चीन कार्ड खेल्न खोजेको भन्ने आशयले नभई मुलुककै राजनीतिक उतारचढावका विषयमा कार्ड खेल्न नहुने भनी अभिव्यक्ति दिएको स्पष्ट गर्नुभयो । उहाँले गत वर्ष आफू प्रधानमन्त्री हुँदा चीनसँग भएका सम्झौताहरुको प्रभावकारी कार्यान्वयनमा जोड दिनुभयो ।

परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले चीन भ्रमणका सवालमा सत्तारूढ दुई दलीय संयन्त्रबाट ‘ एजेन्डा’का विषयमा गृहकार्य भइरहेको र प्रधानमन्त्री तहबाट चाँडै सबै एजेन्डालाई अन्तिम रुप दिइने बताउनुभयो । उहाँले यस विषयमा दुई दलमा बाहिर आए जस्तो कुनै विवाद नरहेको बताउनुभयो ।

छलफलमा नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा काठमाडौँ उपत्यकाबाहिर रहेका कारण अनुपस्थित हुनुहुन्थ्यो भने पूर्वप्रधानमन्त्रीद्वय झलनाथ खनाल र माधवकुमार नेपाल, मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मी, पूर्वपरराष्ट्रमन्त्रीहरु ईश्वर पोखरेल, नारायणकाजी श्रेष्ठ, भेषबहादुर थापा, एनपी साउद, महेन्द्रबहादुर पाण्डे, डा प्रकाशचन्द्र लोहनी, डा विमला राई पौड्याललगायत सहभागी हुनुहुन्थ्यो ।रासस

# उच्चस्तरीय शासकीय सुधार सुझाव आयोग गठन गर्ने तयारी




काठमाण्डु । सरकारले उच्चस्तरीय शासकीय सुधार सुझाव आयोग गठनको तयारी गरेको छ । अघिल्लो हप्ता बसेको राष्ट्रिय विकास समस्या समाधान समिति (एनडेक)को ५३औँ बैठकले आयोग गठनको तयारी गर्न निर्देशन दिएको हो ।

“सार्वजनिक प्रशासनलाई कम खर्चिलो, ठिक आकारको, जवाफदेही र सक्षम बनाउन नियुक्ति, सरुवा, बढुवा, पदस्थापना, अधिकार प्रत्यायोजन, कार्यसम्पादन मूल्याङ्कन, अध्ययन तालिमलगायत समग्र वृत्ति विकास चक्रका प्रणालीमा गर्नुपर्ने सुधारका विषयहरु पहिचान गरी शासकीय सुधारको सिफारिसका लागि उच्चस्तरीय शासकीय सुधार सुझाव आयोग गठन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यक प्रक्रिया अगाडि बढाउने”, एनडेकको ५३औँ बैठकको निर्णयमा उल्लेख छ ।

त्यस्तै, सरकारले लागु गरेको अनिवार्य तथा निःशूल्क शिक्षा कार्यान्वयन योजनाअनुसार माध्यमिक तहको प्रारम्भिक कक्षा अर्थात् कक्षा नौ को रजिष्ट्रेसन शूल्क नलिने प्रबन्ध तीन महिनाभित्र मिलाउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई निर्देशन दिइएको छ । मौजुदा वन नियमावली संशोधनका लागि तीन महिनाभित्र मस्यौदा तयार पारेर प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्न पनि एनडेकले निर्देशन दिएको छ ।

निजी क्षेत्रको लगानीबाट कार्यान्वयन हुने आयोजनामा वन क्षेत्रको जग्गा उपयोगका लागि राष्ट्रिय योजना आयोगको सिफारिस आवश्यक नपर्ने व्यवस्थाका लागि ‘आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८०’ मा भएका प्रावधान संशोधन गर्न बैठकले निर्देशन दिएको छ । यस्तै, सङ्घीय समपूरक तथा विशेष अनुदान सम्बन्धी मौजुदा कार्यविधि संशोधनका लागि तीन महिनाभित्र मस्यौदा तयार पारी मन्त्रिपरिषद्मा पेश गर्ने निर्णय पनि एनडेकले गरेको छ ।रासस

# अनुसन्धानमा नैतिकता स्वास्थ्य सेवामा विश्वास निर्माणको मूल आधारः स्वास्थ्यमन्त्री पौडेल



काठमाण्डु । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले अनुसन्धानले लाखौं मानिसलाई प्रभाव पार्ने भएकाले उच्चतम नैतिक मापदण्ड पूरा गर्नुपर्ने बताउनुभएको छ ।


नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को आयोजनामा भइरहेको ‘ फोरम फर इथिकल रिभ्यु कमिटी इन द एसिया एन्ड वेस्टर्न रिजन(फरक्याप)’ को २४औँ शिखर सम्मेलनको उद्घाटन सत्रमा उहाँले अनुसन्धानमा नैतिकता स्वास्थ्य सेवामा विश्वास निर्माणको मूल आधार रहेको बताउनुभयो ।

सम्मेलनमा स्वदेश तथा विदेशबाट अनुसन्धान आचारसंहिता विषयसँग सम्बन्धित विभिन्न विधाका विज्ञ, अनुसन्धानकर्ता, नीति निर्माता, प्राज्ञिक संस्थाका प्रतिनिधिलगायत करिब छ सय जना स्वदेशी तथा विदेशीहरूको भौतिक उपस्थिति रहनेछ । यसअवसरमा अनुसन्धान आचारसंहिताका विभिन्न पाटोमा उहाँहरूबीच छलफल, बहस तथा प्रस्तुतीकरण गर्ने कार्यतालिका छ ।

नेपालमा पहिलोपटक आयोजना गरिएको यस सम्मेलनमा अमेरिका, जापान, बेलायत, फिलिपिन्स, पोल्याण्ड, मलेसिया, नर्वे, ग्रिस, केन्या, ब्राजिल, भारत लगायतका २३ देशका विज्ञहरूको सहभागिता रहेको छ । सम्मेलनका लागि अनुसन्धान आचारसंहिताका विभिन्न विधामा ९० वटा मौखिक र १३ वटा पोस्टर प्रस्तुतीकरणका लागि छनोट गरिएका छन् ।

तीमध्ये ६१ वटा अन्तर्राष्ट्रिय र २९ वटा राष्ट्रिय विज्ञहरूद्वारा प्रस्तुतीकरण गरिने आयोजकले जनाएको छ । परिषद्का सदस्य सचिव डा प्रमोद जोशीले परिषद्को मुख्य उद्देश्य अनुसन्धानको नियमन गर्ने, असल अनुसन्धान संस्कारको विकास तथा विस्तार गर्न सम्मेलनले टेवा पुऱ्याउने बताउनुभयो । रासस

# उखु उत्पादन र प्रवर्द्धनमा प्रदेश सरकारले सहयोग गर्छ : मुख्यमन्त्री कार्की



मोरङ । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले प्रदेशमा उखु उत्पादन वृद्धि गर्न तथा प्रवर्द्धनका लागि प्रदेश सरकारले आवश्यक सहयोग गर्ने बताउनुभएको छ ।

‘नेपाल फार्मर्स एड्भाइजरी काउन्सिल प्रालि’ सिनामङ्गल काठमाडौँद्वारा सोमबार विराटनगरमा आयोजित उखुखेती प्रवर्द्धनका लागि किसानको सीपमूलक तथा आय अभिवृद्धि अभिमुखीकरण कार्यक्रमको उद्घाटन गर्दै मुख्यमन्त्री कार्कीले उखु उत्पादनमा वृद्धि, बजारीकरण र मूल्यका लागि आगामी तीन महिनाभित्र कृषक, उखु मिल र सरकारबीच त्रिपक्षीय छलफलसहित निष्कर्ष निकाली सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

मुख्यमन्त्री कार्कीले प्रदेशमा कृषि उत्पादनमा वृद्धिका लागि कृषकले सिँचाइमा प्रयोग गर्ने विद्युत् र मलखादमा आवश्यक अनुदान दिने जानकारी दिनुभयो । उहाँले मुलुकमा रहेका उद्योगलाई आवश्यक पर्ने कृषि कच्चापदार्थ उत्पादन गर्न किसानलाई आग्रह गर्दै यसबाट आयात प्रतिस्थापन भई विदेशी मुद्रा बचत हुने उल्लेख गर्नुभयो ।

तराईमा छिटो उत्पादन भई प्रतिफल दिने उखु, धान, सनपाट र मकैको उत्पादन प्रवर्द्धनका लागि आगामी आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम ल्याउनुका साथै बजेटको व्यवस्था गर्ने मुख्यमन्त्री कार्कीले जानकारी दिनुभयो ।

विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोइरालाले कृषकले आफ्नो उत्पादनको मूल्य आफै निर्धारण गर्न पाएमा मात्र उत्पादन वृद्धि हुने बताउनुभयो। प्रदेशका उद्योग, कृषि तथा सहकारी मन्त्रालयका सचिव डा शरणकुमार पाण्डेले प्रदेशमा छ हजार हेक्टरमा उखुखेती हुनाका साथै वार्षिक तीन लाख ५० हजार मेट्रिक टन उखु उत्पादन हुने जानकारी दिनुभयो ।

मोरङका प्रम्ख जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराईले कृषकलाई सिँचाइ, प्राविधिक ज्ञान, कृषि उत्पादनको उचित मूल्य निर्धारणमा गर्नुपर्ने सुझाव दिनुभयो । प्रदेश योजना आयोगका सदस्य सीताराम बस्नेतले उखु नगदे बाली भए पनि किसानले समयमा भुक्तानी नपाएर समस्या हुने गरेको बताउनुभयो ।

‘दी नेपाल डिस्ट्रिलरिज प्रालि’ काठमाडौँका प्रमुख अधिकृत जनकराज रेग्मी र पूर्वसचिव डा योगेन्द्रकुमार कार्कीले स्वदेशी पुँजी विदेश जान नियन्त्रण गर्न, वैज्ञानिक खेती, उखु उत्पादनलाई आधुनिकीकरण गर्न, प्रविधिको प्रयोग, ज्ञान, मल, सिँचाइलगायत विषयमा किसानलाई अभिमुखीकरण गर्नु कार्यक्रमको उद्देश्य रहेको बताउनुभयो ।रासस

# बिटकोइन बेचेर नाफा कमाउँदै भुटान

बीबीसी

काठमाण्डु । बिटकोइनको मूल्य अहिलेसम्मकै उच्च भएको बेला भुटानले ठूलो परिणाममा आफूसँग भएको उक्त क्रिप्टोकरेन्सी बेचेर फाइदा लिएपछि नेपालमा पनि त्यसबारे चासो देखिएको छ। नेपालमा भने क्रिप्टोकरेन्सी माइनिङ र कारोबार दुवै गैरकानुनी छन्।

क्रिप्टोकरेन्सीसम्बन्धी जानकारीहरू राख्ने विभिन्न वेबसाइटका अनुसार बुधबार रातिदेखि बिहीवार दिउँसो यो समाचार तयार पार्दासम्म बिटकोइनको मूल्य हालसम्मकै उच्च ९७,००० अमेरिकी डलरभन्दा माथि पुगेको देखिएको छ।

नेपालमा भने पूर्णरूपमा प्रतिबन्धित क्रिप्टोकरेन्सीलाई "सीमित कारोबार"का लागि पनि तत्काल खुला गर्ने पक्षमा आफू नरहेको राष्ट्र ब्याङ्कले जनाएको छ। एक पूर्वब्याङ्कर तथा नेपालको सबैभन्दा ठूलो मोबाइल वालेट सेवा कम्पनीका अध्यक्षले चाहिँ "नयाँ प्रविधि र क्रिप्टोकरेन्सीबाट हुने लाभ र हानि थाहा पाउन पनि" आंशिक रूपमा खुला गर्नुपर्ने सुझाव दिएका छन्। बिटकोइनको मूल्य अहिलेसम्मकै उच्चतम बिन्दुमा पुग्नुको मुख्य कारण संयुक्त राज्य अमेरिकामा डोनल्ड ट्रम्प राष्ट्रपति निर्वाचित हुनुलाई लिइएको छ। पहिले बिटकोइनविरोधी ट्रम्प यसपालिको निर्वाचन अभियानमा क्रिप्टोकरेन्सीका पक्षमा उभिए।

क्रिप्टोकरेन्सीको निरन्तर वकालत गर्दै आएका धनाढ्य व्यापारी इलोन मस्कलाई पनि आफ्नो प्रशासनमा ट्रम्पले महत्त्वपूर्ण जिम्मेवारी दिने घोषणा गरिसकेका छन्।ट्रम्पले चुनावी अभियानमा क्रिप्टोकरेन्सी पक्षधरहरूमाझ अमेरिकालाई "विश्वको क्रिप्टो राजधानी" बनाउने वाचा पनि गरेका छन्।

ट्रम्पको सोही वाचाका कारण उनले चुनाव जितेसँगै बिटकोइनको भाउ व्यापक बढ्न थालेको धेरैको विश्लेषण छ। बिटकोइनसँग जोडिएका खबरहरूमा नेपालको छिमेकी तथा एउटा सानो हिमाली देश भुटान केही दिनदेखि चर्चामा छ। त्यसको कारण भुटानले हालै ३ करोड ५० लाख अमेरिकी डलर बराबर मूल्यका ३६७ वटा बिटकोइन बिक्री गर्नु हो। एउटा प्रमुख क्रिप्टोकरेन्सी एक्स्चेन्ज 'बाइनान्स'मार्फत् उसले ती बिटकोइनहरू बिक्री गरेको गत शुक्रवार याहू फाइनान्सले जनाएको थियो। भुटानले एउटा बिटकोइनको मूल्य ९०,००० डलर पुगेका बेला त्यति परिणाममा बिटकोइन बिक्री गरेको थियो। त्यो पछिल्ला साताहरूमा उसले गरेको दोस्रो ठूलो कारोबार थियो। त्यसअघि भुटानले बिटकोइनको मूल्य ७०,००० डलर पुग्दा ६ करोड ६० लाख डलर बराबरको बिटकोइन बेचेको थियो।



बाइनान्सले बुधवार प्रकाशित गरेको एउटा सामग्रीअनुसार भुटानसँग अझै पनि १ अर्ब १० करोड अमेरिकी डलर मूल्य बराबरको बिटकोइन भण्डार छ। बाइनान्सले लेखेको छ, "यो रकमले उक्त देशको कुल गार्हस्थ्य उत्पादन (जीडीपी)को प्रतिनिधित्व गर्छ।" बाइनान्सले बिटकोइनको कारोबारलाई नियमित रूपमा 'ट्र्याक' गर्ने 'ब्लकचेन' विश्लेषक कम्पनी 'अर्खम इन्टेलिजन्स'लाई उद्धृत गर्दै उक्त विवरण सार्वजनिक गरेको हो।

याहू फाइनान्सका अनुसार उक्त हिमाली मुलुकको सरकार अझै पनि धेरै बिटकोइन स्वामित्व भएकामध्येमा पर्छ। भुटानसँग अहिले पनि १२,२०६ वटा बिटकोइन छन् र त्यहाँको सरकारी संस्था ड्रुक होल्डिङ एन्ड इन्भेस्टमन्टले तिनको व्यवस्थापन गर्छ। कानुनी रूपमा प्रतिबन्धित भए पनि नेपालमा लुकीछिपी क्रिप्टोकरेन्सीको कारोबार भइरहेको अधिकारीहरू बताउँछन्। भीपीएन प्रयोग गरेर कारोबार गरिरहेका कारण नेपालबाट कारोबार भए पनि पत्ता लगाउन कठिन हुन्छ।

नेपाल प्रहरीको साइबर ब्यूरोका अनुसार विदेशमा बस्ने नेपाली र विदेशीहरूको सहयोग र संलग्नतामा नेपालमा रहेर क्रिप्टोकरेन्सीको कारोबार हुने गरेको पाइएको छ। राष्ट्र ब्याङ्कको वित्तीय जानकारी एकाइले साइबर माध्यमबाट हुने ठगी तथा गलत क्रियाकलापबारे अध्ययन गरेर तयार पारेको "रणनीतिक विश्लेषण प्रतिवेदन"ले पनि साइबर ठगीबाट सङ्कलित रकम व्यवस्थापनमा क्रिप्टोकरेन्सी प्रयोग भएको सङ्केत गरेको छ।त्यसमा भनिएको छ, "अनलाइन ठगीमा प्रयोग भइरहेको भनेर उजुरी गरिएका सन्दिग्ध खाताहरू अनलाइन बेटिङ र क्रिप्टोकरेन्सी लेनदेनमा सम्बन्धित देखिन्छन्।"

त्यसमा ठगीको रकमलाई क्रिप्टोकरेन्सी र अनलाइन बेडिङ्का माध्यममा परिवर्तन गर्ने गरिएको बारम्बार पाइएको उल्लेख छ।नेपालमा क्रिप्टोकरेन्सीको कारोबारलाई अवैध घोषणा गर्दै राष्ट्र ब्याङ्कले त्यसमा लगानी नगर्न र गरेमा कानुनी कारबाही हुने चेतावनी दिँदै आएको छ। त्यस्ता गतिविधिको निरन्तर नेपालका कानुन कार्यान्वयन गर्ने निकायहरूले निगरानी गरिरहेको पनि अधिकारीहरू बताउँछन्।

> नेपालमा क्रिप्टोकरेन्सीको कारोबारलाई अवैध घोषणा गर्दै राष्ट्र ब्याङ्कले त्यसमा लगानी नगर्न र गरेमा कानुनी कारबाही हुने चेतावनी दिँदै आएको छ।

प्रहरीले केही वर्षदेखि कैयौं मानिसहरूलाई क्रिप्टोकरेन्सी कारोबारको आरोपमा पक्राउ गरेको छ र कतिपय व्यक्तिहरूलाई कारबाही पनि भएको छ। सरकारले कानुनी रूपमा अवैध बनाए पनि भित्रभित्र कारोबार भइरहेको र विशेषगरी धेरै युवाले त्यसमा चासो देखाएकाले क्रिप्टोकरेन्सीको किन्न वा राख्न पाउने गरी खुला गर्नुपर्ने कतिपयको धारणा रहेको छ।

उनीहरू छिमेकी देश भारतको उदाहरण दिँदै त्यहाँ व्यक्तिले क्रिप्टोकरेन्सी कारोबार गर्न पाउने तर त्यसको कारोबारमा उच्च कर लगाएकाले नेपालले पनि त्यस्तै गर्न सक्ने बताउँछन्।भारतमा क्रिप्टोकरेन्सीको आम्दानीमा ३० प्रतिशत कर लाग्ने विभिन्न विवरणले देखाउँछन् तर त्यहाँ पनि कानुनी रूपमा त्यसलाई भुक्तानीको माध्यमका रूपमा स्वीकार गरिएको छैन। नेपालको एउटा प्रमुख मोबाइल वालेट सेवा चलाउने इसेवा कम्पनीको सञ्चालक समितिका अध्यक्ष समेत रहेका पूर्वब्याङ्कर पर्शुराम कुँवर क्षत्री भन्छन्, "भित्रभित्र कारोबार हुनुभन्दा बरु कानुनी बनाएर कर लगाएमा पारदर्शी हुन्छ भन्ने तर्कलाई म पनि समर्थन गर्छु।"

"कुनै पनि खोला कति गहिरो छ भनेर थाहा पाउन एउटा खुट्टा बिस्तारै अघि बढाइन्छ नि! त्यसै गरी यो संसार के हो भन्ने बुझ्नका लागि पनि हामीले निजी क्षेत्रका मानिसहरूलाई धेरै कडा कर लगाएर आंशिक रूपमा कारोबार गर्न दिनुपर्छ।"यद्यपि उनी भुटानको जस्तो सरकारले नै यसमा लगानी गर्नुपर्छ भन्ने मान्यतामा भने विश्वास गर्दैनन्।

क्षत्रीले भने, "यो एकदमै उतारचढाव हुने क्षेत्र हो। केही महिनाअघिको तुलनामा अहिले दोबरभन्दा पनि बढी मूल्य पुग्यो। यस्तो संसारमा अन्य कुनै पनि सम्पत्तिमा हुँदैन। त्यसैले सरकारले यस्तो अनिश्चित क्षेत्रमा लगानी गर्नु हुन्न भन्ने मलाई लाग्छ।" राष्ट्र ब्याङ्कका अधिकारीहरूले चाहिँ नेपालमा क्रिप्टोकरेन्सी खुला गर्नेबारे आफूहरूले अहिलेसम्म कुनै पनि सोच नबनाएको बताएका छन्।

राष्ट्र ब्याङ्कका सहप्रवक्ता डिल्लीराम पोखरेलले भने, "क्रिप्टोकरेन्सीलाई खोल्ने कुनै पनि योजना छैन। तत्काल यो खुल्दा पनि खुल्दैन।"उनले राष्ट्र ब्याङ्कको पुरानै धारणा दोहोर्‍याउँदै भने, "यो एकदमै उतारचढावपूर्ण र अनिश्चित हो। मुद्रा भनेको त स्थिर हुन्छ, क्रिप्टोकरेन्सी अस्थिर हुन्छ।""त्यसैले यसलाई स्थिर मुद्रा भन्न सकिएन। एकखाले सट्टेबाजी हो भन्दा पनि हुन्छ। मानिसहरूले फाइदाका लागि लगानी गर्ने र कतै भुक्तानीको माध्यमका रूपमा पनि प्रयोग भएको छ।"

उनले सर्वसाधारणलाई क्रिप्टोकरेन्सीमा लगानी नगर्न आग्रह गरे। नेपाल राष्ट्रका अधिकारीहरूले सन् २०२६ भित्र परीक्षणका रूपमा नेपालमा डिजिटल मुद्रा ल्याउनका लागि अध्ययन जारी रहेको बताएका छन्।पोखरेलले भने, "केन्द्रीय ब्याङ्क डिजिटल मुद्रा (सीबीडीसी) परीक्षणका रूपमा सुरु गर्नेबारे हाम्रो भुक्तानी प्रणाली विभागअन्तर्गत एउटा विभाग नै बनाएर अध्ययन गरिरहेका छौं।""हाम्रो लक्ष्य सन् २०२६ सम्ममा नेपालमा परीक्षणका रूपमा सीबीडीसी सुरु गर्ने भन्ने हो। त्यसबेला परीक्षण गर्दा उपयुक्त देखियो भने त्यो बजारमा चलनचल्तीमा जान सक्छ।"

राष्ट्र ब्याङ्कले हालसम्म सीबीडीसीबारे दुइटा अध्ययन गरेर प्रतिवेदनहरू सार्वजनिक गरिसकेको छ।त्यसमा एउटा नेपालमा त्यसको सम्भाव्यतासँग केन्द्रित छ भने अर्को दक्षिण एशियाली सहयोग सङ्गठन (सार्क) राष्ट्रका केन्द्रीय ब्याङ्कका प्रतिनिधिहरूको संलग्नतामा भएको तुलनात्मक अध्ययनसँग सम्बन्धित छ। क्रिप्टोकरेन्सी र सीबीडीसी दुवै 'ब्लकचेन'मा आधारित डिजिटल वा भर्चूअल मुद्राहरू हुन्।

तर सीबीडीसीलाई कुनै पनि देशको केन्द्रीय ब्याङ्कले जारी गर्छ र त्यसको नियमन, अनुगमन एवं देशमा चल्तीमा रहेको मुद्रासँग त्यसको मूल्य समानता कायम गर्ने काम गर्छ।क्रिप्टोकरेन्सी भने निजी क्षेत्रबाट सञ्चालित हुन्छ वा व्यक्तिले पनि चलाएको हुन सक्छ। त्यसको नियमन बजारद्वारा स्वचालित रूपमा हुन्छ भन्ने मान्यता राखिन्छ। सीबीडीसीको मूल्य स्थिर र समान खालको हुन्छ किनकी कुनै पनि देशको केन्द्रीय ब्याङ्कले त्यसलाई चलनचल्तीको मुद्राको भाउसँग समान बनाएर राख्ने नियममा बाँधेको हुन्छ।

क्रिप्टोकरेन्सीको मूल्य भने छोटो समयमै व्यापक रूपमा घटबढ हुने र मानिसहरूले केही समयमै धेरै कमाउने वा गुमाउने हुनसक्छ ।मूल्य उतारचढाव हुने भएकाले लगानीकर्ताहरूले ठूलो मात्रामा क्रिप्टोकरेन्सी किनेर राख्ने र बजार भाउ बढेका बेला बेच्ने गर्न सक्छन् । सीबीडीसी भने अहिले चल्तीमा रहेको मुद्राजस्तै नियमित चलनचल्तीमा हुन्छ र त्यसलाई भण्डारण गर्न मानिसहरूले खोज्दैनन्। यद्यपि हामीले ब्याङ्कमा बचत गरे जस्तो बचत गर्न भने सकिन्छ।

# प्रधानमन्त्री ओलीको नजरमा एनपिएलका आठ मार्की खेलाडी



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले सोमबार नेपाल प्रिमियर लिग (एनपिएल)को ट्रफी सार्वजनिक गर्नुभयो । उहाँले सुन्धारास्थित धरहरा परिसरमा ट्रफी सार्वजनिक गर्नुभएको हो ।

सो अवसरमा प्रधानमन्त्री ओलीले गौरवशाली धरहराको काखमा एनपिएलको ट्रफी सार्वजनिक कार्यक्रमले खेलकुदमा नयाँ जाँगर पैदा गरेको जिकिर गर्नुभयो । उहाँले सोमबारको दिन नेपाली खेलकुद क्षेत्रका लागि विशेष महत्वको दिन रहेको उल्लेख गर्नुभयो ।

प्रधानमन्त्री ओलीले नेपाली क्रिकेट खेलाडी तथा एनपिएलका आठ टोलीकै मार्की खेलाडीको खुलेर प्रशंसासमेत गर्नुभयो। उहाँले सम्बोधनको क्रममा सुरुमै जनकपुर बोल्ट्सका कप्तान आसिफ शेखको प्रशंसा गर्नुभयो । उहाँले शेखले स्पोर्टम्यानसीप देखाउँदै आयरल्यान्डका खेलाडीलाई रन आउट नगरेको श्रव्यदृश्य आफूले पनि हेरेको उल्लेख गर्दै उहाँलाई 'क्याप्टेन कूल'को उपनाम दिनुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "जनकपुर बोल्ट्सका मार्की खेलाडी आसिफ शेखले स्पोर्टम्यानसिप देखाउँदै आयरल्यान्डका खेलाडीलाई रन आउट नगरेको त्यो भाइरल श्रव्यदृश्य मैले पनि हेरेको थिएँ । जनकपुर झैँ शान्त स्वभाव कायम रहोस् ।

आसिफ शेखलाई क्याप्टेन कूल, शान्त भनेर उपनाम दिएपनि हुन्छ जस्तो लाग्छ ।"

प्रधानमन्त्री ओलीले काठमाडौँ गुर्खाजका मार्की खेलाडी करण केसीलाई 'भ्यालेन्टाइन बोय' सम्बोधन गर्नुभयो । करणले राजधानीको नाम राख्ने आफूले आशा लिएको उहाँले जिकिर गर्नुभयो । "काठमाडौँ गुर्खाजका कप्तान करण केसीलाई भ्यालेन्टाइन बोय भनेर सम्बोधन गर्ने कुरा थाहा पाएको थिएँ", उहाँले भन्नुभयो, "उहाँले राजधानीको नाम राख्ने आशा लिएको छु ।"

सम्बोधनको क्रममा प्रधानमन्त्री ओलीले पोखरा एभेन्जर्सका मार्की खेलाडी कुशल भुर्तेललाई विश्वले नै बलर हुन् कि ब्याटर छुट्याउनै नसकेको बताउनुभयो । उहाँले यस पटक ९९ रनमा आउट हुन् नपरोस् भन्दै शतक हान्न शुभकामना दिनुभयो ।

"पोखरा एभेन्जर्सका मार्की खेलाडी कुशल भुर्तेल बलर हुन् कि ब्याटर छुट्याउनै गाह्रो हुने उहाँको कौशल छ । विश्वले नै छुट्याउन सकिरहेको छैन् जस्तो लाग्छ । मैले मात्रै होइन", कुशलको प्रशंसा गर्दै प्रधानमन्त्री ओलीले भन्नुभयो, "यसपटक ९९ रनमा आउट हुन नपरोस् । शतक हान्नु भन्ने मेरो शुभकामना छ ।"

प्रधानमन्त्री ओलीले चितवन राइनोजलाई आफूले 'गैँडाज' भन्ने बताउनुभयो । चितवन राइनोजका मार्की खेलाडी कुशल मल्लको छक्का हान्ने शैली मनपर्ने उल्लेख गर्दै उहाँले आँखिर चितवन गैँडाजका कप्तान हो नि ! भन्दै प्रशंसा गर्नुभयो । "हाम्रो साथीहरुले चितवन राइनोज भन्नुभएको छ, मैले चितवन गैँडाज भन्छ", उहाँले भन्नुभयो-"चितवन राइनोज अर्थात् गैँडाजका कप्तान कुशल मल्ल हेर्दा अल्लि सानो/सानो लाग्ने । ज्यानमा ताकत बोकेर छक्का हान्ने शैली साह्रै मनपर्छ ।"

लुम्बिनी लायन्सका मार्की खेलाडी रोहितकुमार पौडेलको नाम सुन्दै गर्व लाग्ने भन्दै प्रधानमन्त्री ओलीले उहाँको प्रसंशा गर्नुभयो । जसले जिते पनि रोहितलाई फाइदा हुने भन्दै प्रधानमन्त्री ओलीले नेपाली क्रिकेटका कप्तान भएको नाताले उहाँले जितेकै हुने धारणा राख्नुभयो । "लुम्बिनी लायन्सका रोहित पौडेलको नाम सुन्यो कि मलाई गर्व लाग्छ । रोहितको कप्तानीले लुम्बिनीको भावना मैदानमा देख्नेछ । जसले जिते पनि रोहितलाई फाइदा छ, आँखिर देशले जित्छ र नेपाली क्रिकेटका कप्तान भएको नाताले उहाँले जितेकै हुनेछन्", प्रधानमन्त्री ओलीले भन्नुभयो ।

विराटनगर किङ्स्का मार्की खेलाडी सन्दीप लामिछाने नेपाली क्रिकेटको ब्रान्ड एम्बासडर जस्तै भएको प्रधानमन्त्री ओलीले बताउनुभयो। उहाँले बीबीएलदेखि आइपीएलसम्म सन्दीपको बलले धेरै ब्याट्सम्यानलाई नाच्न बाध्य पारेको सुनाउनुभयो । "विराटनगर किङ्सका सन्दीप लामिछाने त हाम्रो क्रिकेटको ब्रान्ड एम्बासडर जस्तै हुनुभयो । बीबीएलदेखि आइपीएलसम्म सन्दीपको बलले धेरै ब्याट्सम्यानलाई नाच्न बाध्य पारेको छ ।", उहाँले भन्नुभयो, "त्यसैले त मैले भनेको थिएँ, नेपालीले चान्स पायो भने गर्छ ।"

कर्णाली याक्सका मार्की खेलाडी सोमपाल कामीका योरकरलाई भुल्न नसकिने प्रधानमन्त्री ओलीले बताउनुभयो । उहाँले सोमपालले कर्णालीको चिसो पानीको ताकत मैदानमा देखाउने उल्लेख गर्दै अर्को टी- ट्वेन्टी विश्वकप खेल्ने तयारीमा राम्ररी जुट्न सुझाव दिनुभयो । "कर्णाली याक्सका सोमपाल कामीका ती योरकरलाई कसले भुल्न सक्छ र ? सोमपालले कर्णालीको चिसो पानीको ताकत मैदानमा देखाउनेछन्", प्रधानमन्त्री ओलीले भन्नुभयो, "नेपाललाई अर्को टी- ट्वान्टी विश्वकप खेल्ने तयारीमा राम्ररी जुट्न मेरो सल्लाह छ ।"

प्रधानमन्त्री ओलीले सुदूरपश्चिम रोयल्सलका मार्की खेलाडी दीपेन्द्रसिंह ऐरीलाई बाघको संज्ञा दिनुभयो । उहाँले ऐरीको ६ छक्काको कीर्तिमान आफुलाई स्मरण रहेको उल्लेख गर्दै यस्ता थुप्रै कीर्तिमान बताउन समेत शुभकामना दिनुभयो । "अन्तिममा हिरोको पालो आउँछ, मेरो फेभरेट नै जस्तो भनौँ । नेपाली क्रिकेटका बाघ दीपेन्द्रसिंह ऐरीको ६ छक्काको कीर्तिमान मलाई स्मरण छ", उहाँले भन्नुभयो, "एनपीएलमा यस्ता थुप्रै कीर्तिमान बनुन् । सुदूरपश्चिम रोयल्सलाई पनि विशेष शुभकामना छ ।"

पहिलो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) यहीँ मङ्सिर १५ गतेदेखि सुरु हुँदैछ । प्रतियोगिताका खेल कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा हुनेछन् ।रासस

# लेबनानमा भएको इजरायली हमलामा दर्जनौँको मृत्यु

एएनआई

बेरुत । लेबनानमा भएको इजरायली हमलममा दर्जनौं मानिसहरुको मृत्यु भएको जनाइएको छ । जसमा मध्ये बेरुतको बास्टा क्षेत्रको बहुमंजिला आवासीय भवनमा भएको हमलामा २९ जनाको मृत्यु भएको छ ।



इजरायली सेनाका अनुसार सेनाले १२ वटा हिजबुल्लाह कमान्ड सेन्टरमा आक्रमण गरेको थियो ।

हिजबुल्लाहको इन्टेलिजेन्स युनिट, कोस्ट-टु-सी मिसाइल युनिट र युनिट-४४००-सिरिया हुँदै इरानबाट लेबनानमा हतियार तस्करीका लागि सक्रिय छन् । सेनाले यी कमान्ड सेन्टरहरू इजरायल विरुद्ध आतङ्कवादी आक्रमणको योजना बनाउन, कार्यान्वयन गर्न र दक्षिणी लेबनानमा सक्रिय सैनिकहरू विरुद्धको आतङ्कवादी गतिविधिको निगरानी गर्न प्रयोग गरिएको जनाएको छ ।

यसैबीच, लेबनानको स्वास्थ्य मन्त्रालयले मृत्यु हुनेको संख्या वृद्धि भई २० जना पुष्टि भएको तथा मृतकको संख्या बढ्न सक्ने रिपोर्ट गरेको छ । युद्धविराम प्रयासका बावजुद इजरायलले हिजबुल्लाह विरुद्ध आफ्नो सैन्य अभियान जारी राख्दा बेरुतमा हवाई आक्रमण भएको हो । सेनाले हमला बेरुतको दक्षिणी उपनगरहरूमा हिजबुल्लाहका स्थानहरूलाई लक्षित गरी गरेको पुष्टि गरेको छ ।

यस अघीनै इजरायली सेनाले नागरिक क्षति कम गर्न ,भवनहरू खाली गर्ने आदेश जारी गरेको थियो । गत आइतबारको हवाई आक्रमणमा हिजबुल्लाहका प्रवक्ताको मृत्यु भएपछि मध्य बेरुतमा इजरायली हवाई आक्रमणमा वृद्धि भएको सिएनएनले जनाएको छ ।इजरायली हवाई आक्रमणले पूर्वी लेबनानको बालबेक-हर्मेल क्षेत्रमा पनि प्रहार गरेको छ, जहाँ चार बालबालिका सहित कम्तिमा १३ जनाको मृत्यु भएको छ भने १३ जना घाइते भएका छन् ।

आक्रमणले लेवनान वपरका क्षेत्रमा कम्तिमा ११ जनाको मृत्यु हुनुका साथै ३२ जना घाइते भएका छन् भने टायर सहर लक्षित आक्रमणमा पाँच जनाको मृत्यु तथा १९ जना घाइते भएका थिए ।सेप्टेम्बरदेखि, इजरायली हवाई आक्रमणले धेरै हिजबुल्लाह कमान्डरहरूको नरसंहार गर्नुका साथै मुख्य पूर्वाधार लक्षित गर्दा दक्षिणी लेबनानमा व्यापक विनाश निम्त्याएको छ । संयुक्त राष्ट्रसङ्घका अनुसार लेबनानमा द्वन्द्वका कारण तीन हजार भन्दा बढी मानिसहरुको मृत्यु भएको छ भने दश लाखभन्दा बढी विस्थापित भएका छन् ।

# युक्रेनद्वारा रूसी तेल तथा उर्जा केन्द्रमा प्रहार

एएफपी

युक्रेन । युक्रेनले सोमबार रूसी क्षेत्र कालुगाको इन्धन तथा ऊर्जा सुविधामा ड्रोन हमला गरेको युक्रेनी सैन्य गुप्तचरको स्रोतले जनाएको छ ।

युक्रेनी सहर खार्किभका अधिकारीहरूले रूसको सीमा नजिकैको सहरको केन्द्रमा रूसी क्षेप्यास्त्र प्रहारबाट १९ जना घाइते भएको बताएका छन् ।पछिल्लो समयमा मस्को र किएभले सीमापार ड्रोन तथा क्षेप्यास्त्र आक्रमणलाई तीव्र बनाइरहेका छन् । रूसले गत हप्ता युक्रेनमा नयाँ ओरेसनिक क्षेप्यास्त्र प्रक्षेपण गरेको छ ।



"युक्रेनको डिफेन्स इन्टेलिजेन्स" को अपरेसन परिणाम स्वरूप, रूसको कालुगा क्षेत्र स्थित इन्धन तथा ऊर्जा सुविधामा रातारात आक्रमण भएको स्रोतले जनाएको छ । कालुगाका रूसी गभर्नरले यस क्षेत्रमा भएको ड्रोन हमलाबाट एउटा "औद्योगिक उद्यम" मासमेत आगलागी भएको पुष्टि गर्नु भएको छ ।

स्रोतका अनुसार आक्रमणको लक्ष्य कालुगानेफ्टप्रोडक्ट जेएससीको तेल डिपो थियो, जुन युक्रेनविरुद्ध रूसको सशस्त्र आक्रमणलाई समर्थन गर्नका लागी प्रयोगमा छ ।

यसै क्रममा रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले गत हप्ता निप्रो सहरमा गरिएको आक्रमण सबैभन्दा नयाँ रूसी मध्य-दूरी मिसाइल प्रणाली मध्ये एक रहेको बताउदै त्यस्ता थप "परीक्षणहरू" गर्ने वाचा गर्नु भएको छ ।

# दृष्टिविहीन विश्वकप क्रिकेट : नेपालद्वारा अफगानिस्तान पराजित



काठमाण्डु । दृष्टिविहीन टी-२० विश्वकप क्रिकेट प्रतियोगिताअन्तर्गत सोमबारको खेलमानेपालले अफगानिस्तानलाई पराजित गरेको छ । नेपालले अफगानिस्तानलाई एक सय आठ रनले हराएको हो ।

पाकिस्तानको लाहोरमा जारी दृष्टिविहीन विश्वकप क्रिकेटअन्तर्गत आफ्नो तेस्रो खेलमा नेपालले आज टस हारेपछि पहिला ब्याटिङ गरेको थियो । नेपालले जितका लागि अफगानिस्तानसामु दुई सय २९ रनको लक्ष्य प्रस्तुत गरेको थियो । तर अफगानिस्तानले सवै विकेट गुमाएर एक सय २० रन मात्र बनाउन सक्यो ।

नेपालका लागि उपकप्तान पदमबहादुर बडैला र नरेश चौधरीले अर्द्धशतकीय पारी खेले । बडैलाले ५१ बलमा अविजित रहेर ९२ रन तथा चौधरीले ६२ बलमा अविजित ७२ रन बनाए । यस्तै भरत थापाले २१ तथा सागर लामाले चार रन बनाए । अफगानिस्तानका बलरहरुले नेपाललाई ३९ अतिरिक्त रन दिएका थिए ।

यस्तै नेपालविरुद्ध ब्याटिङ गर्दै अफगानिस्तानका अबाशीनले ५२, द्वारनले २१ तथा शराफतले १३ रन बनाए । बलिङतर्फ नेपालका लागि सुनिल राना मगरले तीन तथा भरत थापा, अमिश गुरागाईँ र सुनिल सुवेदी क्षेत्रीले एक एक विकेट लिए ।

नेपालले मङ्गलबार दक्षिण अफ्रिकासँग चौथो खेल खेल्ने छ ।

यसअघि नेपाल पहिलो खेलमा श्रीलङ्कासँग तथा दोस्रो खेलमा बङ्गलादेशसँग पराजित भएको थियो । दृष्टिविहीन विश्वकप क्रिकेट प्रतियोगितामा नेपालसहित, भारत, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का र दक्षिण अफ्रिका सहभागी छन् ।रासस

# विदेशी मुद्राको विनिमय दर

काठमाण्डु । नेपाल राष्ट्र बैंकले सोमबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ। आइतबारको तुलनामा यूरोपियन यूरो, स्वीस फ्रयाङ्क, कुवेती दिनारलगायतको मूल्य घटेको छ।

त्यस्तै, युके पाउण्ड स्टर्लिङ, क्यानेडियन डलर, साउदी अरेबियन रियाल, साउथ कोरियन वन, स्वीडिस क्रोनर लगायतको भने मूल्य बढेको छ । राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर एक सय ३४ रुपैयाँ ८२ पैसा र बिक्रीदर एक सय ३५ रुपैयाँ ४२ पैसा कायम भएको छ।



युरोपियन युरो एकको खरिददर एक सय ४० रुपैयाँ ४६ पैसा र बिक्रीदर एक सय ४१ रुपैयाँ ०८ पैसा, युके पाउण्ड स्टर्लिङ एकको खरिददर एक सय ६८ रुपैयाँ ९६ र बिक्रीदर एक सय ६९ रुपैयाँ ७२ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर एक सय ५० रुपैयाँ ८३ पैसा र बिक्रीदर एक सय ५१ रुपैयाँ ५० पैसा कायम गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिददर ८७ रुपैयाँ ६५ पैसा र बिक्रीदर ८८ रुपैयाँ ०४ पैसा, क्यानेडियन डलर एकको खरिददर ९६ रुपैयाँ ४३ पैसा र बिक्रीदर ९६ रुपैयाँ ८६ पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय रुपैयाँ १३ पैसा र बिक्रीदर एक सय रुपैयाँ ५७ पैसा निर्धारण गरिएको छ।


जापानी येन १० को खरिददर आठ रुपैयाँ ७१ पैसा र बिक्रीदर आठ रुपैयाँ ७५ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ६१ पैसा र बिक्रीदर १८ रुपैयाँ ६९ पैसा,साउदी अरेबियन रियाल एकको खरिददर ३५ रुपैयाँ ९३ पैसा र बिक्रीदर ३६ रुपैयाँ ०९ पैसा, कतारी रियाल एकको खरिददर ३६ रुपैयाँ ९७ पैसा र बिक्रीदर ३७ रुपैयाँ १३ पैसा कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर तीन रुपैयाँ ९१ पैसा र बिक्रीदर तीन रुपैयाँ ९३ पैसा, युएई दिराम एकको खरिददर ३६ रुपैयाँ ७१ पैसा र बिक्रीदर ३६ रुपैयाँ ८७ पैसा, मलेसियन रिङ्गेट एकको खरिदर ३० रुपैयाँ १८ पैसा र बिक्रीदर ३० रुपैयाँ ३१ पैसा,साउथ कोरियन वन एक सयको खरिदर नौ रुपैयाँ ६० पैसा र बिक्रीदर नौ रुपैयाँ ६४ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ २१ पैसा र बिक्रीदर १२ रुपैयाँ २७ पैसा र डेनिस क्रोनर एकको खरिददर १८ रुपैयाँ ८४ पैसा र बिक्रीदर १८ रुपैयाँ ९२ पैसा तोकिएको छ।

राष्ट्र बैंकले हङकङ डलर एकको खरिददर १७ रुपैयाँ ३२ पैसा र बिक्रीदर १७ रुपैयाँ ४० पैसा, कुवेती दिनार एकको खरिददर चार सय ३७ रुपैयाँ र बिक्रीदर चार सय ३९ रुपैयाँ ८२ पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ५७ रुपैयाँ ६१ पैसा र बिक्रीदर तीन सय ५९ रुपैयाँ २० पैसा तय भएको छ।

यस्तै, ओमानी रियाल एकको खरिददर तीन सय ५० रुपैयाँ १८ पैसा र बिक्रीदर तीन सय ५१ रुपैयाँ ७४ पैसा तय भएको छ । भारतीय रुपैयाँ एक सयको खरिददर एक सय ६० रुपैयाँ र बिक्रीदर एक सय ६० रुपैयाँ १५ पैसा तोकेको छ ।राष्ट्र बैंकले यो विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ। वाणिज्य बैंकले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुनेछ ।रासस

# पुर्ख्यौली पेसा सङ्कटमा



मन्थली । मन्थली नगरपालिका-७, खनखनेका जब्बरबहादुर बादी ६० वर्षको हुनुभयो । उहाँको मुख्य पेसा मादल बनाउने हो।

उहाँसँग सम्पत्तिका नाममा जम्मा दुई रोपनी पाखो बारी छ। उहाँका अनुसार बाजे बराजुको पालादेखि मादल बनाउने पेसा गर्दै आएको हो । "घरको जेठो सन्तान भएकोले बुवाआमा, भाई बहिनीहरुलाई पालनपोषण गर्नुपर्ने जिम्मेवारी भएपछि व्यावसायिक रुपमै मादल बनाउन थालेँ", उहाँले विगत स्मरण गर्दै भन्नुभयो, "विसं २०५९ देखि रामेछापकै खिम्ती बजारमा मादललगायत अन्य वाद्यवादन बनाएर बिक्री गर्दै आएको थिएँ, तर अहिले त्यो पेसाबाट विस्थापित भएँ।"

उहाँले त्यहाँ करिब १३ वर्ष व्यवसाय गर्नुभयो । खिम्तीमा व्यवसाय सञ्चालन गर्दा तिहार र विवाहका लगनहरुमा मादल, दमाहा टेम्कोलगायत सामग्री बनाउन र मर्मत गर्न भ्याइनभ्याई हुन्थ्यो । पाँच जनालाई रोजगारी दिनुभएको थियो । तर अहिले त्यस्तो छैन । अहिले आफैँलाई काम पाउन मुस्किल छ।

विसं २०७२ को भूकम्पका कारण उहाँले भाडामा लिएको कच्ची घर भत्कियो। थुप्रै मादलहरु पुरिए। त्यसपछि उहाँ गाउँ नै फर्किनुभयो। पुनःनिर्माणका लागि प्राप्त अनुदान रु तीन लाखमा केही थपेर घर बनाए पनि गाँउमा खानेपानीको अभावले जब्बर दम्पतीसहित खनखनेका १२ घर बादीमध्ये १० घरपरिवार पानी र अन्य सुविधाको खोजी गर्दै भटौलीकै ठेडीखोला किनारमा झरेर ऐलानी जग्गामा टहरो बनाइ बसे।

मादल बनाउने परम्परागत पेसा टिकाउन उहाँलाई हम्मेहम्मे परेको छ । "पहिलेपहिले गाउँमा बस्दा तिहारका बेला मादल बनाउन भ्याइनभ्याई हुन्थ्यो । यस वर्षको तिहारदेखि मादल बनाउने र किन्ने ग्राहक आउँनै छाडे", उहाँले भन्नुभयो । मादल मात्र हैन, पञ्चैबाजाका लागि आवश्यक टेम्को, दमाहा, ढोलक र वाद्यवादनका लागि आवश्यक तवेला, वालन भजनमा बजाइने खैँजेडी बनाउने यहाँका वादीहरुको पुर्ख्यौली पेसा लोप हुने अवस्थामा पुगेको छ।

तिहारका बेलामा खेलिने देउसी भैलोमा मादलको प्रयोग हुन छाडेपछि मादलको बिक्री घटेको रामेछाप नगरपालिका-८ का बद्रीप्रसाद घिमिरे बताउनुहुन्छ। मादलको व्यापार घटेसँगै समुदायको पेसा नै सङ्कटमा परेको मन्थली-७ का शम्भु वादी बताउनुहुन्छ।

> मादल बनाउने परम्परागत पेसा टिकाउन उहाँलाई हम्मेहम्मे परेको छ । "पहिलेपहिले गाउँमा बस्दा तिहारका बेला मादल बनाउन भ्याइनभ्याई हुन्थ्यो । यस वर्षको तिहारदेखि मादल बनाउने र किन्ने ग्राहक आउँनै छाडे", उहाँले भन्नुभयो । मादल मात्र हैन, पञ्चैबाजाका लागि आवश्यक टेम्को, दमाहा, ढोलक र वाद्यवादनका लागि आवश्यक तवेला, वालन भजनमा बजाइने खैँजेडी बनाउने यहाँका वादीहरुको पुर्ख्यौली पेसा लोप हुने अवस्थामा पुगेको छ ।

छालाजन्य वाद्यवादन मादल, ढोलक, टेम्को, दमाहा, तबेला, खैँजडी बनाउन बाख्रा, गाईगोरुको छाला, लाम्पातेको काठ र खरी लगाउन अन्य कच्चापदार्थ चाहिन्छ। उत्पादित सामग्री बिक्री हुन छाडेपछि राज्यले वैकल्पिक पेसाको व्यवस्था गरिदिनुपर्ने माग वादी समुदायको छ।

मन्थली नगरपालिकाको वडा नं १, २ र ७ मा गरी जम्मा १९ घरपरिवार वादी समुदायको छ । उनीहरुको जनसङ्ख्या ७५ जना छन् । पुर्ख्यौली पेसाले जीउन गाह्रो भएपछि रोजगारीका लागि युवाहरु सहर पस्न थालेका छन्।

मन्थली नगरपालिकाले गत आर्थिक वर्ष २०८०/८१ मा वडा नं-३ का दलित समुदायमा जब्बरबहादुर बादीलाई प्रशिक्षक बनाइ मादललगायत वाद्यवादन सामग्री बनाउने तालिम सञ्चालन गरेको थियो । तर त्यस्ता सामग्रीले बजार नपाएपछि समस्या भएको छ। स्थानीय सरकारले उत्पादन भएका वाद्यवादनका सामग्रीहरुको बजारीकरणका लागि खासै चासो नदिएको स्थानीय केशव बादीले गुनासो गर्नुभयो।

मन्थली नगरपालिकाका प्रमुख लव श्रेष्ठले उनीहरूलाई छुट्टै वैकल्पिक पेसा दिन नसक्ने तर पुर्ख्यौली पेसा संरक्षणका लागि समुदायस्तरमा सहयोग गरी छालाजन्य वस्तुहरु पर्याप्त उत्पादनमा सहजीकरण गर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "विकसित मुलुकमा ठूलो परिमाणमा बन्ने यस्ता सामग्रीहरु स्थानीय उत्पादनभन्दा सस्तो हुने भएकाले बजार नपाएको हो । नगरले स्थानीय उत्पादन बिक्री वितरणमा आवश्यक सहयोग गर्ने छ। "

जिल्लामा रहेका बादी समुदायको पुर्ख्यौली पेसा सङ्कटमा परेकाले रोजगारीका अवसर सृजना गरी जीविकोपार्जनमा सहयोग पुयाउनुपर्ने स्थानीय अगुवा गुञ्जबहादुर श्रेष्ठको धारणा छ ।रासस

## धानको मूल बीउ उत्पादन गर्दै व्यावसायिक कीट विकास फर्म

चितवन। यहाँको व्यावसायिक कीट विकास फर्मले विगत दुई वर्षदेखि धानको मूल बीउ उत्पादन गर्दै आएको छ। फर्मका नाममा रहेको दुई बिगाहा जग्गामा विभिन्न जातका धानको बीउ उत्पादन थालेको हो।

कार्यालय प्रमुख पूर्णिमा क्षेत्रीका अनुसार राष्ट्रिय धानबाली अनुसन्धान कार्यालय धनुषाबाट प्रजनन बीउ ल्याएर मूल बीउ उत्पादन सुरु गरिएको हो। अघिल्लो आर्थिक वर्षमा मकवानपुर १ र बहुगुणी १ को बीउ उत्पादन गरिएको भए पनि यस वर्ष भने सावित्रीको मूल बीउ उत्पादन गरिएको उहाँले जानकारी दिनुभयो।

गत वर्ष ४० क्विन्टल बीउ उत्पादन भए पनि २० क्विन्टल मात्र बीउका लागि प्रयोग भएको थियो। उहाँले भन्नुभयो, "निजी क्षेत्रबाट धानको बीउ उत्पादन हुँदै आएको भए पनि प्रदेश सरकारका तर्फबाट यो पहिलो हो।" गत वर्ष उत्पादित बीउमध्ये २० क्विन्टल बीउका लागि र २० क्विन्टल खाद्यान्नका लागि बिक्री भएको उहाँले बताउनुभयो।

क्षेत्रीले भन्नुभयो, "मकवानपुर १ धानको बीउको माग आयो तर बहुगुणीको माग आएन।" अन्न बालीमा धानको बीउ राम्रो उत्पादन गरेर बिक्री वितरणका लागि तयार पार्ने गरिएको उहाँले बताउनुभयो। उहाँका अनुसार बीउ उत्पादनमा सहज र किसानले राम्रो बीउ पाउन सकून् भन्ने उद्देश्यका साथ बीउ उत्पादन थालिएको हो।

यहाँ उत्पादित बीउलाई आफूहरुले सहकारीलाई बिक्री गरेर एक वर्ष सहकारीले समेत बीउ उत्पादन गरेपछि मात्र किसानकामा बीउका रुपमा पुग्ने उहाँले जानकारी दिनुभयो। यस वर्ष कार्यालयले ६० क्विन्टल मूल बीउ उत्पादन हुने अनुमान गरिएको छ। यस कार्यालयले अहिले धानसँगै च्याउ र मेवाको बीउ तथा बिरुवा उत्पादन गर्न सुरु गरेको छ ।रासस

# जङ्गली हात्तीले आतंक मच्चायो



कञ्चनपुर। जङ्गली हात्तीले घर भत्काए पछि लालझाडी गाउँपालिका-४ खल्लाजाँइका ठगी कडारा परिवारसहित एक हप्तादेखि छिमेकीको घरमा बस्न बाध्य छन्। घरभित्र राखेको अन्नपात केही हात्तीले खाइदिएको छ। बचेको अन्न, लत्ताकपडा बोकेर उहाँ छिमेकीको घरमा शरण लिन पुगेका हुन्। "दिउँसो घर बारी रेखदेखका लागि आउने गरेका छौँ", उहाँले भन्नुभयो, "साँझ नपर्दै छिमेकीको घरमा शरण लिन पुग्छौँ।" हात्तीको बथान अझै आउने डरले कडाराले एक साताअघिदेखि घरमा बस्न छाडेका छन्।

"हात्तीले झण्डै ज्याननै लिएको थियो, धन्न बाँच्नु थियो र बाच्यौँ", ठगीका श्रीमती पार्वतीले भन्नुभयो, "मध्यरातमा घर पछाडिको भित्तो भत्काउन सुरु गरेपछि हात्ती आएको थाहा पायौँ, पूरै घर हल्लाउने गरी भत्काउन थाल्यो, आँगनमा हात्ती पुगेका थिएनन्, भर्खर पेटको शल्यक्रिया गरेर आएका श्रीमान्लाई बोक्दै भाग्यौँ, ज्यान जोगियो।"

घरभित्र राखिएको आठ बोरा धान खाएको उल्लेख गर्दै उहाँले लत्तापकडा च्यातचुत पार्ने कार्यसँगै भाँडाकुँडा सबैमा हात्तीले खुट्टामुनि राखेर पिच्काएर कामै नलाग्ने बनाएको बताउनुभयो। कडारा परिवार जस्तै छिमेकमा बस्ने हरिलाल टमटा र राज टमटाको घर पनि हात्तीले भत्काइदिएको छ। आँगनमा रहेको पानी पिउनका लागि गाडिएको नल्कासँगै दुवै टमटा परिवारको घरभित्र रहेको अन्न हात्तीले खाइदिएको छ।

घर भत्काएपछि बेघर बनेका तीनवटै परिवार निकै चिन्तित छन्। अन्न सबै हात्तीले खाइदिए पछि परिवारको साँझ बिहानको छाक टार्नका लागि अरुकहाँ हात थाप्नुपर्ने अवस्था सिर्जना भएको राज टमटाले बताउनुभयो। गाई, गोरु, भैँसी बाख्रालगायतलाई पनि हात्तीले क्षति पुऱ्याउने डर भएकाले खेतमै बाध्नुपरेको उहाँले गुनासो गर्नुभयो।

"पहिला पनि हात्ती आउथे, खेतमा रहेको बालीनालीमा थोरै क्षति गरी जान्थे, घरनै भत्काएको थिएन", हरिलालले भन्नुभयो, "हाल हात्तीले उखुबारीमा व्यापक नोक्सानी गर्दै घरनै भत्काए।" उखुबाली जोगाउनका लागि फलामको तार तानेर विद्युतीय करेन्ट छाड्दा हात्तीले बारीभित्र पस्न नसकेको झोकमा घर भत्काएको उहाँको भनाइ रहेको छ।

हात्ती नियन्त्रण गरी घरमै सुरक्षितरुपमा बस्ने वातावरण सिर्जना गरिदिनका लागि तीनवटै पीडित परिवारले सम्बन्धित निकायसँग आग्रह गरेका छन्। गाउँपालिकाको वडा नं ३ र ४ मा गरी हात्तीले स्थानीय किसानको झण्डै ५० बिघा बढी जग्गामा लगाइएको उखुखेतीमा क्षति पुऱ्याएको छ। शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने भए पनि निकुञ्ज कार्यालयले नियन्त्रणका लागि कुनै पनि प्रयास नगरेकोप्रति गाउँपालिकाका जनप्रतिनिधिले असन्तुष्टि व्यक्त गरेका छन्।

स्थानिय बासिन्दाले व्याकहोलोडेर र ट्र्याक्टरको सहायताले दिउँसै आउने हात्ती भगाउने कार्य गर्दै आएका छन। नजिकैको वन क्षेत्र (खर्रानाला) मा दुईवटा हात्तीले छावा पाएकाले भदौ महिनादेखि हालसम्म हात्तीको बथान लालझाडी गाउँपालिका नजिकको वन क्षेत्रका बस्दै आएको छ।

उखुबाली जोगाउन कुरुवा बसेका खल्लाजाँइका रामदल रानालाई गत महिना हात्तीको बथानले ज्यान लिई सकेको छ। हात्ती दैनिक कहिले साँझ, कहिले दिउसै उखबारीमा पस्न थालेपछि यस क्षेत्रको जनजीवन निकै त्रसित भएको छ। हात्तीले थप मानविय क्षति पुऱ्याउने डरले स्थानीय बासिन्दाले गाउँपालिका क्षेत्रमा रातिका बेला हिँडडुल गर्ने कार्यमा रोक लगाएका छन्।

लालझाडी सब डिभिजन वन कार्यालयका प्रमुख करुणाकर जोशीले वन संरक्षणको कार्य छाडेर एक महिनादेखि कार्यालयका रहेका सात जना कर्मचारीले स्थानीय बासिन्दासँगै खटिएर हात्ती धपाउने कार्यमा संलग्न हुनुपरेको बताउनुभयो। "रात दिन नभनी हात्ती धपाउने कार्यमा खटिएका छौँ", उहाँले भन्नुभयो, "हात्तीले सबैभन्दा बढी वडा नं ४ का किसानको उखुबालीमा क्षति गरेको छ।"

हात्तीबाट सर्वसाधारणलाई जोगाउनका लागि जनचेतना जगाउने कार्यसँगै थप मानवीय क्षति हुन नदिनका लागि सडकमा बत्तीको व्यवस्था गर्ने, साइरन बजाउने, ट्र्याक्टरको हर्न बजाउने कार्यमा पनि लाग्दै आएको उहाँको भनाइ रहेको छ। उहाँका अनुसार छावासहितको हात्तीको सङ्ख्या २४ रहेको छ ।रासस

# बोटबाटै सुन्तला झर्न थालेपछि किसान चिन्तित




म्याग्दी । टिप्ने बेला भएको सुन्तला बोटबाटै झर्न थालेपछि म्याग्दीका किसान चिन्तित भएका छन् । सुन्तलाको दानाभित्र कीरा परेर आधा भाग पहेलो भएर सुन्तला झर्न थालेको जनाइएको छ । बोटबाट २५ प्रतिशत सुन्तलाका दाना झरिसकेको बेनी नगरपालिका-४ बास्कुनाका किसान सन्दीप खत्रीले बताउनुभयो । कात्तिकको तेस्रो हप्तादेखि सुन्तला झर्ने समस्या देखिएको छ।

"बजार पठाउने समयमा बोटबाट सुन्तला झर्न थालेपछि किसानहरु चिन्तित भएका छन्", बेनी-४ वडासदस्य समेत रहेका खत्रीले भन्नुभयो, "बोटमा राम्रो फल लागे पनि झर्ने समस्याका कारण कृषकको आम्दानीमा असर पर्ने देखिएको छ।"

गण्डकी प्रदेशको कृषि विकास निर्देशनालयका निर्देशक वासुदेव रेग्मीको नेतृत्वमा केही दिनअघि बास्कुना पुगेको कृषि ज्ञान केन्द्र र बेनी नगरपालिकाको कृषि शाखाका प्राविधिकको टोलीले झरेका सुन्तलाको नमूना सङ्कलन गरेर परीक्षणका लागि लगेका छन्। प्रयोगशालाको प्रतिवेदन आएपछि के कारणले सुन्तला झरेको हो भन्ने पहिचान हुने केन्द्रका प्रमुख सञ्जीव बास्तोलाले बताउनुभयो । "दानाभित्र औसा परेर सुन्तला झरेको छ", उहाँले भन्नुभयो, "सुर्यपुतलीको शङ्का लागेर परीक्षण गर्न पठाएका हौँ । प्रयोगशालाको प्रतिवेदन आएपछि समस्या पहिचान हुन्छ।"

बास्कुनाको छिमेकी बेनी -३ मरेक र मङ्गला गाउँपालिकाको महेशमा पनि सुन्तला झर्ने समस्या देखिएको बताएका छन्। प्राविधिकले झरेका सुन्तलाका दानालाई प्लास्टिकको थैलोमा राखेर बन्द गर्न सुझाव दिएका छन्। सूर्यपुतली नियन्त्रण गर्न बगैचामा टाइट ट्याप (पासो) थाप्न र धुवा बनाउन प्राविधिकले सुझाएका छन्।

दुई सय बोटको बगैँचाबाट दैनिक एक डोको झरेका सुन्तला टिपेर फाल्ने गरेको बास्कुनाका अर्का कृषक दीर्घबहादुर खत्रीले बताउनुभयो। बास्कुना, सुर्केमेला र थामडाडाका ४५ घरधुरीले करिब १० हेक्टर क्षेत्रफलमा सुन्तला खेती गरेका छन्। गत वर्ष सो ठाउँबाट रु ७५ लाख मूल्य बराबरको सुन्तला बिक्री भएको थियो। रासस


## आस्था बचत तथा ऋण सहकारी संस्था लि.

**जनकपुरधाम, मिल्ल एरिया (धनुषा) नेपाल**

आस्था बचत तथा ऋण सहकारी संस्था लि. जनकपुरधाम धनुषाको सदस्य महानुभावहरुमा

### १५ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**आदरणीय शेयरसदस्य ज्यू,**

आस्था बचत तथा ऋण सहकारी संस्था लि. जनकपुरधाम, धनुषाको मिति २०८१/०८/०८ गते शनिवार बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम यस संस्थाको **१५ औं वार्षिक साधारण सभा** सहकारी विभागले जारी गरेको सहकारी सस्थाको साधारण सभा (कार्य व्यवस्था) निर्देशिका २०७६ संशोधित २०७७ बमोजिम तपसिलमा उल्लेखित साधारण सभाको कार्यसूची अनुसार छलफल र निर्णय गर्न तपसिलको मिति, समय र स्थानमा एकाईगत रुपमा सम्पन्न हुने भएकोले यहाँको अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध छ।

**साधारण सभामा छलफल तथा निर्णयार्थ प्रस्तुत गरिने कार्यसूचीहरू :**

१. सचालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत र पारित गर्ने सम्बन्धमा।
२. लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन प्रस्तुत र पारित गर्ने सम्बन्धमा।
३. आ.व. २०८०/०८१ को लेखा परीक्षकको प्रतिवेदन प्रस्तुत र पारित गर्ने सम्बन्धमा।
४. आ.व. २०८१/०८२ को लागि लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्बन्धमा।
५. आ.व. २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत तथा पारित गर्ने सम्बन्धमा।
६. कर्मचारीहरुको नियुक्ति तथा दरबन्दी स्वीकृत सम्बन्धमा।
७. शेयर लाभांस र संरक्षित पूंजी फिर्ता कोष वितरण सम्बन्धमा।
८. एकाई प्रतिनिधिहरुको सम्बन्धमा।
९. निर्णय पुस्तिका प्रमाणिकरण सम्बन्धमा।
१०. आन्तरिक नीति तथा कार्यविधिहरु संशोधन तथा पुनरलेखन सम्बन्धमा।
११. कानूनी प्रकृया अपनाई संस्थाको लेना रकम असुल गर्ने सम्बन्धमा।
१२. संस्थाको भवन निर्माण सम्बन्धमा।
१३. ऋण उप समितिको प्रतिवेदन प्रस्तुत र पारित गर्ने सम्बन्धमा।
१४. संस्थाबाट शेयर सदस्यले शेयर रकम फिर्ता लिई सदस्यता छाडेको सम्बन्धमा।
१५. विशेष प्रस्तावहरु सम्बन्धमा।
१६. विविध।

तपसिल

**साधारण सभा हुने मिति, समय र स्थान :**
**मितिः २०८१ साल पौष २० गते शनिवार**
**समयः दिनको १०:०० बजे**
**स्थानः जनकपुरधाम उद्योग वाणिज्य संघ (व्यापार संघ)**

**पुनश्च**
१. एकाईहरुको विस्तारित बैठक सम्बन्धी सूचना संस्थाद्वारा विद्युतीय माध्यमबाट जानकारी दिइनेछ।
२. एकाईहरुको बैठकमा भाग लिन आउँदा सदस्यता परिचय पत्र वा सदस्यता खुल्ने कागजात सहित सदस्य स्वयं उपस्थित हुनुपर्नेछ।
३. सदस्यहरुले आफ्नो सुझाव सल्लाह, निर्णय प्रमाणिकरण सभाभन्दा अगावै संस्थामा लिखित वा मौखिक उपलब्ध गराउन सकिनेछ।
४. उस्थित सभाबाट छानिनु हुने सदस्यहरु मिति २०८१ साल पौष २० गते निर्णय प्रमाणिकरण सभामा अनिवार्य सहभागी हुनुपर्नेछ।

**प्रमुख कार्यकारी अधिकृत**

# आजदेखि संस्थागत विद्यालय खुल्ने



**टुडे समाचारदाता**

जनकपुरधाम । छात्रवृतिमा पनि रकम असुल्न पाउने माग लिएर आन्दोलनमा उत्रिएका संस्थागत विद्यालयका सञ्चालकहरुको संगठनले मंगलबारदेखि विद्यालय सञ्चालन गर्ने भएको छ ।

विद्यार्थी र जनकपुरधामका संस्थागत उच्चविद्यालयबीच देखिएको विवाद सर्वसपक्षीय छलफल पछि खोल्ने निष्कर्षमा बन्दकर्ता संगठनले निर्णय गरेको छ ।

जनकपुरधाम उद्योग वाणिज्य संघको पहलमा भएको सर्वपक्षिय बैठकमा समस्या समाधानका लागि जनकपुरधाम उपमहानगरपालिकाले ३० दिनको समय निर्धारण गरेको छ । सोमबार भएको बैठकमा जनकपुरधाम उपमहानगरपालिकाका प्रतिनिधि, नेविसंघ, अनेरास्ववियू, हिसान, प्याबसन, एनप्याबसन, व्यापारी र नागरिक समाजका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

जनकपुरधाम उपमहानगरपालिकाका निमित कार्यकारी अधिकृत धीरेन्द्रलाल कर्णले बैठकपछि मंगलवारदेखि जनकपुरधामको सम्पूर्ण विद्यालय खुल्ने जानकारी दिए । उनले ३० दिन भित्र छात्रावृत्तिलगायतका समस्याहरु समाधान हुने बताए । एक महिना भित्रै शिक्षामा देखिएका सबै सुधारका लागि कार्यविधि बनाइने समेत निर्णय भएको उनले बताए ।

# पूर्व निर्देशक र कर्मचारीविरुद्ध पक्राउ पुर्जी

ठाकुरसहित अरु तीनजना कर्मचारीविरुद्ध सरकारी छाप र दस्तखत किर्ते गरी ३० लाख रुपैयाँ ठगी गरेको भन्दै जिल्ला प्रहरी कार्यालयमा धनुषामा जाहेरी परेपछि पक्राउ पुर्जी जारी भएको छ ।



**टुडे समाचारदाता**

जनकपुरधाम । बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का पूर्वनिर्देशक बलराम ठाकुर ठगी प्रकरणमा मुछिएका छन् । ठाकुरसहित अरु तीनजना कर्मचारीविरुद्ध सरकारी छाप र दस्तखत किर्ते गरी ३० लाख रुपैयाँ ठगी गरेको भन्दै जिल्ला प्रहरी कार्यालयमा धनुषामा जाहेरी परेपछि पक्राउ पुर्जी जारी भएको छ ।

आरोपित ठाकुरसँगै परिषद्का अन्य तीनजना कर्मचारी पनि सरकारी छाप र दस्तखत किर्ते गरी ३० लाख ठगी गरेको प्रकरणमा मुछिएका छन् ।

ठगी प्रकरणमा मुछिनेहरूमा ठाकुरसहित परिषद्का लेखापाल सावित्री गिरी, प्रशासान प्रमुख जितेन्द्रकुमार यादव र जिन्सी शाखा प्रमुख मदनकुमार चौधरीविरुद्ध जाहेरी आएको धनुषा प्रहरीका प्रहरी नायव उपरीक्षक एवम् प्रवक्ता बरुणबहादुर सिंहले गरेका छन् ।

जाहोरी दर्ता भएपछि धनुषा जिल्ला अदालतले उनीहरू सबैजनाविरुद्ध पक्राउ गरी अनुसन्धान गर्न आदेशसमेत दिइसकेको सिंहले जानकारी दिए । 'जाहेरी दर्ता भएपछि अदालतले पक्राउ गर्न आदेशसमेत दिइसकेकाले चाँडै सबै जनालाई पक्राउ गर्छौं ।'

विभिन्न मिति देखाउँदै हुँदै नभएको गाडी भाडावापत २०७६ असार ३१ गते किर्ते सम्झौता पत्र र कार्यदेश तयार गरि महोत्तरी जिल्ला एकडारा गाउँपालिका बस्ने मुकेश यादवको नाममा ३० लाख रुपैयाँ निकासा गरेको थियो । रकम निकासाको जानकारी यादवले पछि मात्रै थाहा पाएका थिए । आफ्नो नाममा किर्ते गरेर रकम निकासाको थाहा पाएपछि यादवले प्रहरीमा जाहेरी दिएका थिए ।

आफ्नो दस्तखतसमेत किर्ते गरी भएको भ्रष्टाचार प्रकरणमा यादवले प्रमाणसहित प्रहरीमा जाहेरी दिएका थिए ।

यादवले दिएको जाहेरीअनुसार उनले आफ्नो नामको निवेदनसमेत परिषद्का कर्मचारीले बनाएको बताएका छन् । यादवले आफूले रकम बुझेको गोश्वारा भौचर, आफ्नो नाममा बनाएको चेक नं. ३६४२४९४१, पेश्की फर्छ्यौटको लागि दिएको निवेदन पत्रसमेतमा कर्मचारीहरूले दस्तखत किर्ते गरी हिनामिना गरेको बताए ।

तत्कालीन समयमा आफ्नो नाममा हुँदै नभएको महिन्द्रा कम्पनीको डिजेलबाट चल्ने स्कार्पियो चार चक्के गाडी सिलिन्डर ४ : २१७९ हर्ष पावर सी.सी.एम.ए आइ.टी.ए.जे एक्स ९२ एच २४१२३ इन्जिन नं. क्युएम् यु१४एच२४१२३ सिट क्षमता-८ प्रयोग गरेको कागजपत्र परिषद्का पदाधिकारी र कर्मचारीले बनाएर रकम हिनामिना गरेको ब्यहोरा यादवले दिएको जाहेरीमा उल्लेख छ ।

त्यसैगरी निजी प्रयोगमा रहेको बा. १६ च. ६४७ नं. प्राइभेट जिप आफ्नो नाममा नरहेको अवस्थामा पनि सरकारी छाप, दस्तखत, किर्ते गरी सहमति भएको देखाई विभिन्न कागजात तयार गरेर २०७६ असोज ७ गतेको गोश्वारा भौचार नं. २६ बाट मर्मतको लागि पेश्की १० लाख रुपैयाँ प्राप्त गरेको देखाएर हिनामिना गरिएको विवरण यादवले जाहेरीमा समावेश गरेका छन् ।

१० लाख रुपैयाँ प्राप्त गरेको देखाएपछि फेरि अर्को दस्तखतसमेत किर्ते गरी बाँकी रकमको एउटा निवेदनको मिति केरमेट गरिएको २०७७ असार ३० गतेको को दर्ता नं. समेत प्रष्ट नबुझिएको निवेदनसमेतमा बाँकी रकम दिने भनि तत्कालीन कार्यकारी निर्देशक निर्देशकले आर्थिक प्रशासन शाखाको नाममा तोक आदेश गरिएको व्यहोरा जाहेरीमा उल्लेख गरिएको छ ।

कार्यकारी निर्देशक ठाकुरले आफ्नो दस्तखतसमेत गरी निवेदनको पुछारमा निवेदक मुकेश यादव जनकपुर लेखेर निवेदन पत्रमा उल्लेखित मितिसमेत केरमेट गरी त्यसको मुनि एकडारा- ८ उल्लेख गरी आफ्नो कीर्ते दस्तखत गराई सरकारी रकम निकासा गरी गरेको भेटिएको जाहेरीमा उल्लेख गरिएको छ ।

हिनामिनाका क्रममा यादवको नामबाट किर्ते दस्तखत गरी गराई ठाकुले एक वर्षको भाडा दैनिक ५ हजार रुपैयाँका दरले लिएको, डिजेल, मोबिल, चालकको खर्चसमेत बुझ्ने गरेको जिकिर यादवले जाहेरीमा गरेका छन् ।

आफ्नो नाममा सरकारी छाप र दस्तखत किर्ते गरेर सरकारी रकम मासी विपक्षीहरूले थप रकम बुझी लाभ प्राप्त गरेकाले यस हिनामिना प्रकरणमा उनीहरूमाथि कारबाही हुनुपर्ने यादवको भनाइ छ ।

यता वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्मा केही वर्षयता अध्यक्ष शीतल साह, कार्यकारी निर्देशक र कर्मचारीहरूबीचको मनमुनाटवले कार्यालयको दैनिक कामकाज प्रभावित हुँदै आएको छ ।

परिषद्का अध्यक्ष साह र कर्मचारीहरूको मनमुनाटवले कार्यालयको कामकाजमै समस्या आएको छ ।

अध्यक्ष साहले परिषद्को काम कर्तव्य र अधिकार बाहिर गएर राजनीति गर्न चाहेको कर्मचारीहरूको आरोप छ ।

पटक पटक कार्यालयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छापामारी विभिन्न कागजातहरु नियन्त्रणमा लिँदै आएको छ ।

# सरकारी अस्पतालमा ट्रमा सेन्टर सञ्चालन

**टुडे समाचारदाता**

रौतहट । रौतहटको चन्द्रपुर नगरपालिका-५ स्थित चन्द्रनिगाहपुर सरकारी अस्पतालमा ज्यान जोखिममा परेका बिरामीलाई विशेष हेरचाह प्रदान गर्ने अस्पताल इकाई 'ट्रमा सेन्टर' सञ्चालनमा आएको छ ।

पूर्व-पश्चिम राजमार्गमा हुने सवारी दुर्घटनाका घाइते र विपतमा परेका सबैले तत्कालै उपचार पाउन् भन्ने उद्देश्यका साथ लायन्स अन्तर्राष्ट्रिय क्लबले अस्पताललाई डेढ करोड रुपैयाँ बराबरको स्वास्थ्य उपकरण हस्तान्तरण गरेपछि ट्रमा सेन्टर सञ्चालनमा आएको छ ।



पूर्व-पश्चिम राजमार्गको बर्दिबासदेखि पथलैयासम्मका कुनै पनि स्थानमा ट्रमा सेन्टर नभएको अवस्थामा लायन्सले सो सरकारी अस्पताललाई हस्तान्तरण गरेका उपकरणबाट सवारी दुर्घटनामा घाइते हुने यात्रीले तत्कालै उपचार पाई अकालमा मृत्यु हुनबाट बचाउने लायन्सका अन्तर्राष्ट्रिय डाइरेक्टर बालकृष्ण बुर्लाकोटीले बताए । उनले राजमार्गसँग जोडिएको यस अस्पतालमा अत्यावश्यक 'पोर्टेवल' स्वास्थ्य उपकरण उपलब्ध गराइएको हुनाले घाइतेले घटनास्थलमै उपचार पाउनेमा विश्वास व्यक्त गरे ।

'लायन्स ट्रमा सेन्टर'को नामबाट सञ्चालन हुने सो क्लबले पोर्टेवल भेन्टिलेटर २ थान र पल्स अक्सिमिटर १० थान उपलब्ध गराएको छ । यसैगरी एनेस्थिया मेशिन, जेनरल र अर्थोपेडिक सर्जरी सेट, इसिजी र युएसजी मेशिन, एडल्ट र पेडियाट्रिक एम्बु ब्याग १०/१० थान लगायत एक करोड ५० लाख रुपैयाँ बराबरको अन्य स्वास्थ्य उपकरण हस्तान्तरण गरेको छ । सो उपकरण व्यवस्थापन र घाइतेको उपचारका लागि उपचार कक्ष व्यवस्थापनसमेत गरेको लायन्सले कुल एक करोड ६८ लाख रुपैयाँ खर्चेको ट्रमा सेन्टरका प्रशासक दिनेशकुमार श्रेष्ठले बताए ।

सो कार्यक्रमा मधेश प्रदेशका अर्थमन्त्री सुनिलकुमार यादवले मधेश प्रदेशका नागरिकको स्वास्थ्य संवेदनशिलतालाई ध्यान दिई स्वास्थ्य क्षेत्रमा सहयोग पुऱ्याउनुहुने निकायसँग सहकार्य गरी अघि बढ्ने बताए । उनले अस्पताललाई आवश्यक पर्ने जस्तो सुकै सहयोग गर्न मन्त्रालय तत्पर रहेको विश्वास व्यक्त गरे ।

दक्ष जनशक्तिको अभाव रहेको उक्त अस्पतालमा उपलब्ध गराइएका स्वास्थ्य उपकरणको उपयोग र व्यवस्थापनमा भने चुनौती देखिएको सरोकारवालाको गुनासो रहेको छ । ट्रमा सेन्टरको साँचो ग्रहण गर्नु भएका अस्पतालका अध्यक्ष एवम् मेयर सञ्जय काफ्लेले अस्पतालमा उपलब्ध गराइएका स्वास्थ्य उपकरण उपयोगमा ल्याउन नगरका अन्य निजी अस्पतालसँग सहकार्य गरिने बताए ।

# हैण्ड बल संघको प्रदेश अधिवेशन बहिष्कार

**टुडे समाचारदाता**

जनकपुरधाम । बिना राय परामर्श स्वेच्छाचारी ढंगले नेपाल हैण्डबल संघको मधेश प्रदेश अधिवेशन गर्न लागिएको भन्दै केही जिल्लाले बहिष्कार गर्ने भएको छ ।

प स ा ँ क ा वीरगञ्जमा मंगलबार हुने प्रदेश अधिवेशनमा धनुषा, महोत्तरी र सर्लाहीका खेलाडीसंग राय परामर्श नलिएको र सो संघको मधेश प्रदेश कमिटी गठन गर्ने क्रममा पुराना खेलाडी तथा प्रतिनिधिहरुलाई उपेक्षा गरी स्वेच्छाचारी ढंगले प्रदेश अधिवेशन गर्न खोजेको आरोप लगाउँदै बहिष्कार गर्ने खेलाडीहरुले जानकारी दिएका छन् । खेलाडीहरुका अनुसार जुन जिल्लामा कहिल्यै पनि हैण्ड बल खेल नखेलेकाहरुलाई प्रदेश अधिवेशन गराउने जिम्मेवारी दिनु र नेतृत्वमा सरोकारवाला जिल्लालाई भेदभाव गर्दै निरुत्साहित गर्न खोजिएकाले आफूहरुले प्रदेश अधिवेशन बहिष्कार गरेको संघका पूर्व केन्द्रीय सदस्य विमलेश कुमार सिंहले बताए ।

रौतहट र बारा जिल्लामा कहिल्यै पनि हैण्ड बल नखेलिएको र खेल्ने खेलाडीहरु समेत नरहेकालाई संघको मधेश प्रदेश कमिटीको जिम्मेवारी दिएको र त्यही ठाउँका दुईजना गैर खेलाडीलाई प्रदेश अधिवेशन गराउने जिम्मेवारी दिएर संघमा राजनीतिक हस्तक्षेप गर्न खोजेको आरोप लगाए ।

संघको मधेश प्रदेश अधिवेशनको जिम्मेवारी विकास गिरी र मानदेव हजरालाई केन्द्रीय प्रतिनिधि बनाएर प्रदेश अधिवेशनका लागि खटाइएको छ ।

मधेश प्रदेशको आठ वटै जिल्लामध्ये सबैभन्दा बढी खेल र खेलाडी उत्पादन हुने क्षेत्रको रुपमा महोत्तरी, सर्लाही र धनुषा रहेको छ । तर यही धनुषा, महोत्तरी र सर्लाहीलाई बेवास्ता गर्दै जिल्लादेखि प्रदेश संघ गठन हुन नदिएको उनीहरु बताउँछन् ।

संघको केन्द्रीय समितिलाई विघटन गरी हतारहतारमा गठन गरिएको तदर्थ समितिले मनोमानी ढंगले जिल्लाको संरचनालाई समेत उपेक्षा तथा बेवास्ता गर्दै भाँडभैलो गर्न खोजिएकाले आफूहरुले संघको मर्यादा र खेलाडीको सम्मानमा मंगलबार हुने प्रदेश अधिवेशन बहिष्कार गरेको पूर्व केन्द्रीय सदस्य सिंहले बताए ।

उनले मधेश प्रदेशको खेलकुद मन्त्रालयलाई समेत जानकारी नदिइ प्रदेश अधिवेशन गर्न खोज्नु दूर्भाग्यपूर्ण रहेको बताए ।

# जसपामा जनमतका नेताहरू प्रवेश

**टुडे समाचारदाता**

वीरगञ्ज । जनमत पार्टीका अधिकांश नेता तथा कार्यकर्ताहरुलाई अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) मा प्रवेश गरेका छन् ।




जनमत पार्टीका केन्द्रीय सचिव तथा पर्सा जिल्ला सह-इन्चार्ज र जिल्ला सचिव लगायत नेताहरूलाई खानेपानी मन्त्री प्रदीप यादवले टिकाटालो लगाएर स्वागत गर्दै जसपामा प्रवेश गरेका छन् ।

विशेष कार्यक्रममा जनमतका केन्द्रीय सदस्य तथा पर्सा जिल्ला सह-इन्चार्ज मुकेश द्विवेदी र जिल्ला सचिव शशी पाण्डेसहितका नेताहरूले जसपामा प्रवेश गरेका छन् । उनीहरूलाई नेपाल सरकारका खानेपानी मन्त्री यादवले पार्टीमा स्वागत गरेका थिए ।

नवप्रवेशहरूमा वीरगञ्ज महानगरपालिका कमिटीका सचिव पवन साह कानु, जिल्ला सदस्य शशी भूषण शर्मा, छिपहरमाई गाउँपालिकाका पर्यवेक्षक राजु तिवारी, र वीरगन्ज महानगरपालिका-१ का एकाइ सभापति चन्दन साह कानु पनि रहेका छन् ।

प्रवेश कार्यक्रमलाई ऐतिहासिक क्षण भएको बताउँदै मन्त्री यादवले पार्टीको विचार र उद्देश्यलाई आत्मसात् गर्दै जसपा प्रवेश गरेकाहरूकी सहभागिताले सङ्गठन थप सुदृढ र प्रभावकारी बनेको बताए ।

जसपाका केन्द्रीय उपमहासचिवसमेत रहेका मन्त्री यादवले जनताको भावनालाई सम्बोधन गर्न र समृद्ध नेपालको परिकल्पना साकार पार्न नवप्रवेशहरूको सक्रियता अपेक्षित रहेको बताए ।

# महिला हिंसाविरुद्धको १६ दिने अभियान शुरु




**टुडे समाचारदाता**

जनकपुरधाम । 'हामी सबैको प्रतिवद्धता, लैगिंक हिंसा अन्त्यका लागि ऐक्यवद्धता' मूल नाराका साथ महिला हिंसाविरुद्धको १६ दिने अभियान शुरु भएको छ । जनकपुरधाममा सोमबार वृहत र्‍यालीको आयोजना गर्दै लैगिंक हिंसाविरुद्धको १६ दिने अभियान शुभारम्भ गरिएको छ ।

समाजमा व्याप्त लैगिंक हिंसा तथा भेदभावविरुद्ध सचेतना अभिवृद्धि गर्दै हिंसाको प्रतिकार गर्न प्रभावितहरुको हौसला बढाउन र सबै सरोकारवालाहरुलाई लैगिंक रुपमा समतामूलक समाज निर्माणको अभियानमा एकजुट भई पहलका लागि उत्प्रेरित गर्ने उद्देश्यका साथ अभियान थालनी गरिएको छ । मधेश प्रदेशको खेलकुद तथा समाज कल्याण मन्त्रालयको अगुवाइमा विभिन्न सामाजिक संघ संस्था, विद्यार्थी, महिला अभियन्ता, ट्रेड युनियन, नीजि क्षेत्रलगायतको सहकार्यमा आयोजना गरिएको र्‍याली जनक चोकबाट शुरु भइ मधेश भवनको प्रांगणमा पुगेर कोणसभामा परिणत भएको थियो ।

कोण सभालाई सम्बोधन गर्दै खेलकुद तथा समाजकल्यण मन्त्री माननीय प्रमोद कुमार जैसवालले हिंसाविरुद्ध आम जागरणका लागि मधेशका सबै जिल्लामा अभियान अवधिभर विविध कार्यक्रमको आयोजना गरिने बताएका छन् ।

यस १६ दिने अभियानलाई लैगिंक समानताका क्षेत्रमा क्रियाशिल संघसंस्थाहरुले वर्ष दिन भरी गरेका कामहरुको समिक्षा गर्दै आपसी सहकार्य अभिवृद्धि गर्ने एउटा अवसरका रुपमा विविध कार्यक्रमहरु आयोजना गरी मनाउने क्रममा यस बर्ष पनि अभियानको शुभारम्भ गरिएको छ ।

मानवअधिकारको सम्मान गरौं

- मानवअधिकार प्रकृतिप्रदत्त, जन्मसिद्ध र नैसर्गिक अधिकार हो,
- मानवअधिकार व्यक्तिको जीवन, स्वतन्त्रता, मर्यादा र समानतासंग सम्बन्धित छ,
- मानवअधिकार देशको संविधान, कानून र अन्तराष्ट्रिय सन्धिद्वारा प्रदत्त अधिकार हुन्,
- मानवअधिकार उल्लंघन नगरौं, सबैको मानवअधिकारको सम्मान गरौं,
- मानवअधिकारको उल्लंघन भए गरेको पाइएमा राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८